**प्लास्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं**
- प्लास्टिक चार सय वर्षसम्म कुहिंदैन,
- यसले जमीन तथा जल प्रदूषण गर्छ,
- प्लास्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्छ,
- प्लास्टिक जलाउँदा वायुमण्डल प्रदूषित हुन्छ,
- खोलानाला वा समुद्रमा प्लास्टिक परे पानी प्रदूषित हुन्छ, त्यसैले प्लास्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ पुस १९ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2025 January 03 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १२६

## गुठीको ८० बिघासहित दुई सय बिघा अतिक्रमित जग्गा महानगरको अधीनमा

प्रस, वीरगंज, १८ पुस/

वीरगंज महानगरपालिका अन्तर्गतको भौतिक पूर्वाधार सार्वजनिक जग्गा अतिक्रमण नियन्त्रण समितिले हालसम्म १२५ बिघाभन्दा बढी सार्वजनिक जग्गा अधीनमा लिएको समितिका संयोजक प्रदीप चौरसियाले बताए ।



तस्वीरः फाइल

उनले वीरगंज महानगरपालिकाको नेतृत्वमा राजेशमान सिंह प्रमुख भएपछि बनेको समितिले हालसम्म १२५ बिघा जग्गा अतिक्रमणमुक्त गरेको र अझै १०० बिघा जग्गा अतिक्रमणमुक्त गर्ने अभियानमा रहेको बताएका छन् । अहिले अतिक्रमणमुक्त गरिएका जग्गाहरूमा सबैभन्दा बढी महानगरमा थपिएका साबिकका गापा र हालको नयाँ वडाहरू छन् । वीरगंज-१९ साबिक बर्वागोग गाविस, वीरगंज-२०, साबिक हरपतगंज, वीरगंज-२३, साबिक परसौनीबिर्ता, वीरगंज-२४, साबिक रामगढवा, वीरगंज-२६, साबिक सुगौली बिर्ता, वीरगंज-१८ साबिक बगही, वीरगंज-२९, साबिक बसडिलवा, वीरगंज-३०, साबिक लालपर्सा, वीरगंज-१७, साबिक अलौ, वीरगंज-२२, साबिक मनियारी, वीरगंज-२५, साबिक श्रीसिया, वीरगंज-२७, साबिक उदयपुर घुर्मी, वीरगंज-१८, साबिक भवानीपुर र वीरगंज ३१, साबिक बेलवा गाविस तथा वीरगंज महानगरका पुराना वडाहरू वडा नं १०, २, ५, ६, ९, ७, ३, ४, १४, १६ लगायत वडाहरूमा रहका अतिक्रमित तथा सार्वजनिक जग्गा महानगरको अधीनमा ल्याएको समितिका सल्लाहकार हरि पोखरेलले बताए । उनले गुठी संस्थान पर्साले महानगरलाई गुठी अन्तर्गतका अतिक्रमित जग्गाहरू मुक्त गराउन आग्रह गरेको र सो अनुरूप गुठीको नाममा रहेको पर्सागढी नगरपालिकाको ८० बिघा १४ कठ्ठा १० धुर जग्गा अतिक्रमणमुक्त गराइएको बताएका छन् ।

उनले हाल वडा नं ९ विपी उद्यानमा रहेको नेपाल यातायात संस्थानको जग्गामा व्यक्ति विशेषले दाबी गर्दै मुद्दा दिएको र सर्वोच्च अदालतको आदेशबाट निजले दिएको रीट निवेदन खारेज भएर महानगरको नाममा एक बिघा ४ कठ्ठा ९ धुर जग्गा कायम भएको बताए । योसँगै विपी उद्यानमा महानगरको १० बिघा जग्गा कायम भएको छ ।

तत्कालीन नेपाल यातायात संस्थानसँग महानगरले १० बिघा जग्गा रजिस्ट्रेशन गरेर खरीद गरेको थियो । त्यसपछि सो जग्गामध्ये एक बिघा चार कठ्ठा ९ धुरमा व्यक्ति विशेषले आफ्नो हकदाबी देखाएर मुद्दा गरेका थिए । वीरगंज महानगरपालिकाका सल्लाहकार पोखरेलले महानगरले वीरगंज-४ मा रहेको माईराम पोखरीको जग्गालाई पनि अतिक्रमणमुक्त गराएको र १८ कठ्ठामा सीमित उक्त जग्गा अहिले दुई बिघा एक धुरमा ल्याएको बताएका छन् ।

यो जग्गामा अहिले चिल्ड्रेन पार्क निर्माण भएको छ । यस अघि मझौला शहर एकीकृत वातावरणीय सुधार योजना अन्तर्गत एडिबीले माईराम पोखरीको १८ कठ्ठा जग्गामा चिल्ड्रेन पार्क निर्माण गरेको थियो । नगरप्रमुख सिंहले नेतृत्व सम्हालेपछि सो ठाउँलाई अतिक्रमणमुक्त गर्न अभियान चालेको र समितिले २२ कठ्ठा जग्गा अतिक्रमणमुक्त गरेको सल्लाहकार पोखरेलले बताए ।

समितिका संयोजक चौरसियाले महानगरले अतिक्रमणमुक्त गराएको जग्गामध्ये नगवामा सर्लाहीको भरत तालजस्तै ताल बनाउन डिआरपी तयार गरिसकेको बताए । यसैगरी, अन्य क्षेत्रमा अतिक्रमणमुक्त गरिएका जग्गाहरूमा जनचाहना अनुरूप कार्य गरिने बताए । अहिले अतिक्रमणमुक्त गरिएका जग्गाहरूमा किलाखुटी र तारबारले घेर्ने काम गरिएको संयोजक चौरसियाले बताए ।

समितिका सल्लाहकार पोखरेलले महानगर अन्तर्गतको वडा नं १७, २४, २७, ३१ मा अहिले पनि सयौं बिघा जग्गा अतिक्रमणको शिकार भएको र त्यसलाई मुक्त गर्ने गृहकार्य भइरहेको बताए ।

## कालिकामाई गापाका किसानहरू व्यावसायिक तरकारी खेतीतर्फ

धर्मेन्द्र चौरसिया, पोखरिया, १८ पुस/

कालिकामाई गाउँपालिका-१ व्यावसायिकरूपमा तरकारी खेती भइरहेको छ ।



तस्वीरः प्रतीक





मुडलीका किसानहरू पछिल्लो समय व्यावसायिक तरकारी खेतीतर्फ आकर्षित भएका छन् ।

आधा दशक अगाडिसम्म यहाँका किसानहरू दुई चार कठ्ठा जग्गामा हरिया तरकारी खेती गर्ने र नजीकको हाटबजारमा बिक्री गर्दै आएका थिए । अहिले तीन वर्षदेखि यो ठाउँका किसानहरू एकीकृत भएर तरकारी खेतीमा संलग्नता बढाएका छन् ।

करीब १२ भन्दा बढी किसानहरूले ६० बिघा जग्गामा अहिले काउली, भन्टाको व्यावसायिक खेती गर्दै आएका छन् । उनीहरूले उत्पादन गरेको काउली र भन्टा खेतमैं ठेकेदारले आएर खरीद गर्ने र काठमाडौं लगेर बिक्री गर्ने गर्छन् । खेतबाटै तरकारी बिक्री भएपछि किसानहरूलाई एकमुस्ठ रकम पाउनुका साथै बजार घुमेर समय व्यतीत गर्नुपर्ने अवसथाबाट मुक्ति मिलेको छ । त्यसैले तीन वर्ष पहिले ३० बिघा खेती हुने गरेको थियो भने अहिले दोब्बरी ६० बिघामा

स्थानीय बसरूद्दीन मियाँले यो वर्षदेखि व्यावसायिक खेती गरेका किसानहरूले नै ठेकेदारी काम पनि शुरू गरेको बताए । उनले आफूले दुई बिघा जग्गामा तरकारी खेती गरेको र अन्य किसानहरूको काउली खरीद गरेर काठमाडौं पठाउने गरेको बताए । उनले खेतमैं खरीद गर्दा अहिले प्रतिकिलो रु ८ परेको र ढुवानीसमेत गरेर काठमाडौंसम्म पुऱ्याउँदा रु १६ पर्ने र रु २० मा बिक्री गर्ने गरेको बताए ।

मियाँजस्तै सोही ठाउँका शम्भु कुशवाहाले पनि आफूले लगाएको काउली र अन्य किसानको काउली खरीद गरेर काठमाडौं पुऱ्याउने व्यापार शुरू गरेका छन् । यसका लागि दुवैजनाले मिनीट्रकबाट काउली काठमाडौं पुऱ्याउँदै आएका छन् । दैनिक ७५-१०० क्विन्टल काउली कालिकामाईबाट काठमाडौं पठाउने गरिन्छ । ६० बिघा खेतमा रहेका काउली डेढ महीनासम्म काठमाडौं

(बाँकी अन्तिम पातामा)

## पत्रकार महासङ्घ र वीरगंज कलेजबीच सम्झौता

प्रमोद यादव, वीरगंज, १८ पुस/

नेपाल पत्रकार महासङ्घ, पर्सा र वीरगंज कलेज श्रीपुरबीच बिहीवार समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

कलेजले शैक्षिक क्षेत्र सुधारका लागि पर्सा जिल्लामा पत्रकारिता गर्दै आएकाहरूलाई सो विषयमा अध्ययनको व्यवस्था मिलाउने सम्झौता गरेको हो ।

पत्रकारिता अध्ययन गर्न इच्छुक सञ्चारकर्मीहरूलाई कलेजले प्रतिवर्ष रु ५००० र कक्षा ११-१२ मा अध्ययन गराउने सहमतिपत्रमा उल्लेख छ । पत्रकारले राष्ट्रिय परीक्षा बोर्डले तोकेको रजिस्ट्रेशन, परीक्षा शुल्क, प्रमाणपत्र वहन गर्नुपर्ने उल्लेख छ ।

आज भएको समझदारीपत्र अनुसार चालू शैक्षिक सत्रदेखि तीन शैक्षिक सत्रसम्म सम्झौता लागू हुने र त्यसपछि




तस्वीरः प्रतीक

दुवै पक्षको सहमतिमा थपघट गर्न सकिने उल्लेख छ । कलेजतर्फबाट डा दीपेन्द्रकुमार चौधरी र महासङ्घ, पर्साको तर्फबाट अध्यक्ष ओमप्रकाश खनालले हस्ताक्षर गरेका छन् । महासङ्घ, पर्सा शाखामा बिहीवार कार्यक्रमको आयोजना गरी सम्झौतापत्रमा हस्ताक्षर गरिएको थियो ।

## केडिया अस्पतालले फागुन १२ गते स्वर्ण महोत्सव मनाउँदै, अढाइ लाखको पुरस्कार घोषणा

प्रस, परवानीपुर, १६ पुस/

नेपालको दोस्रो र काठमाडौं उपत्यकाबाहिर प्रथम आँखा अस्पतालको रूपमा चिनिने रामकुमार महावीरप्रसाद केडिया आँखा अस्पताल, परवानीपुर, वीरगंजले फागुन १२ गते स्वर्ण महोत्सव मनाउने भएको छ ।

बृजलाल सेवा केडिया ट्रस्टद्वारा स्थापित एवं नेपाल नेत्रज्योति सङ्घद्वारा स्थापित यो अस्पताल ४९ वर्ष पूरा गरी ५० वर्ष प्रवेश गरेको अवसरमा अस्पताल व्यवस्थापन समितिले चालू आवमा विभिन्न कार्यक्रम गर्दै स्वर्ण महोत्सव मनाइरहेको भए पनि फागुन १२ गते विशेष महोत्सव मनाउने अस्पतालका वरिष्ठ व्यवस्थापक प्रकाशकुमार वर्माले जानकारी गराए ।

सोही अवसरमा आँखा उपचारको क्षेत्रमा विशेष योगदान दिएका एकजनालाई रु दुई लाख ५१ हजार नगदसहित स्व हीरालाल केडिया स्मृति पुरस्कार दिइने निर्णय भएको उनले जानकारी गराए । अस्पताल व्यवस्थापन




तस्वीरः फाइल

समितिका पूर्वअध्यक्ष समाजसेवी एवं उद्योगपति स्व हीरालाल केडियाको योगदानको कदर गर्दै यो पुरस्कार स्थापना गरिएको उनले स्पष्ट पार्दै उनले आँखा क्षेत्रका विज्ञहरूको अधिकारसम्पन्न छनोट समितिले पुरस्कार पाउने व्यक्तिको निर्णय गर्ने जानकारी गराए ।

पुरस्कारको लागि अस्पतालले आवेदकहरूको आह्वान गरिसकेको छ । माघ ७ गतेभित्र सरोकारवालाले अस्पतालमा आवेदन गर्न पाउनेछन् । आँखा क्षेत्रमा न्यूनतम २० वर्ष अनवरत सेवा गरेको, उमेर ४५ भन्दा बढी भएको, नयाँ प्रविधिको विकास एवं युगान्तकारी काम गरेको व्यक्तिलाई सम्मान गरिने लक्ष्य राखिएको छ ।

## जीराभवानीमा लगाइएको गाँजाखेती नष्ट

प्रस, पोखरिया, १८ पुस/

सशस्त्र प्रहरी बेस क्याम्प र इलाका प्रहरी कार्यालय, सेढवाको संयुक्त टोलीले आज जीराभवानी गाउँपालिका-२ मा लगाइएको गाँजा खेती नष्ट गरेको छ ।

जीराभवानी गापा-२ सेढवामा लगाइएको करीब चार कठ्ठा गाँजा खेती नष्ट गरिएको सशस्त्र प्रहरी उपरीक्षक नरेन्द्रबहादुर विष्टले बताए । लुकाएर सो गाँजा खेती गरिएको र सूचनाको आधारमा प्रहरीले आज फडानी गरेर नष्ट गरेको इलाका प्रहरी कार्यालय



तस्वीरः प्रतीक

सेढवाका प्रहरी नायब उपरीक्षक राजाराम यादवले बताए ।

## विचारसार र सूक्तिहरू

**माया हुनुपर्ने ठाउँ रित्तिएपछि आदरको आविष्कार भएको हो।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# महत्त्वपूर्ण उपलब्धि

**नेपालमा स्तन क्यान्सरको वंशाणुगत परीक्षण गर्ने सुविधा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा सम्भव भएको छ। स्वास्थ्य सेवामा मुलुकको यो ऐतिहासिक उपलब्धि हो। यस अघि यस्ता परीक्षणका लागि नमूना भारत वा अन्य मुलुकमा पठाउनुपर्ने बाध्यता थियो। यो सुविधा अब नेपालमैं उपलब्ध हुनुले, विशेषगरी क्यान्सर उपचार र रोकथामका लागि ठूलो राहत पुग्नेछ। क्यान्सर राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले वंशाणुगत परीक्षण गर्न सफल भएको कुरा प्रविधि हस्तान्तरणका साथै मुलुकको स्वास्थ्य क्षेत्रमा भएको दीर्घकालीन लगानी र विशेषज्ञताको परिणाम पनि हो। वंशाणुगत परीक्षणले क्यान्सरको सम्भाव्य जोखिम पहिचान गर्न मदत गर्दछ। यसले प्रारम्भिक उपचार र रोकथाममा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। स्तन क्यान्सर विश्वव्यापी रूपमा स्वास्थ्य समस्या बनिरहेको छ। नेपालजस्तो देशमा, जहाँ स्वास्थ्य सेवा अझै पनि सर्वसाधरणको पहुँचमा चुनौतीपूर्ण छ। यस्तो परीक्षणले क्यान्सरका जोखिमयुक्त परिवारहरूको जीवन रक्षा गर्न ठूलो योगदान पुऱ्याउने छ। चिकित्सकहरूले यस परीक्षणलाई स्तन क्यान्सरको प्रारम्भिक पहिचान र रोकथामको लागि 'गेम चेन्जर' मानेका छन्।**

**परीक्षणका लागि विगतमा भारत र अन्य मुलुकमा नमूना पठाउनुपर्ने हुँदा समय र खर्च दुवै ठूलो चुनौती थिए। भारतमा यस्तो परीक्षणका लागि झन्डै ६० हजार रुपियाँसम्म खर्चिनुपर्थ्यो। जसले नेपालमा क्यान्सर परीक्षण गराउनै पर्ने धेरै व्यक्तिलाई बाधा पुगिरहेको थियो। अब यो परीक्षण नेपालमैं ३० हजार रुपियाँमा सम्भव भएको छ। यसले बिरामीको खर्च कम गर्नुका साथै देशकै आर्थिक बचतमा उल्लेख्य भूमिका निर्वाह गर्नेछ। वार्षिक करीब १२ करोड रुपियाँ विदेशी प्रयोगशालामा जाने क्रम अब रोकिने छ। यो उपलब्धि आर्थिक क्षेत्रको लागि पनि महत्त्वको छ। वंशाणुगत परीक्षणले स्तन क्यान्सरको जोखिमबारे सही जानकारी दिन्छ। क्यान्सरको सम्भावना भएका व्यक्तिहरूले समयमैं चिकित्सकीय परामर्श र उपचार गर्न सकेमा रोगको गम्भीर अवस्था आउनबाट जोगिन सकिन्छ। यो परीक्षणले व्यक्ति र परिवारमा मात्र नभई समाजमा क्यान्सरप्रतिको सचेतनामा सुधार ल्याउन पनि उल्लेखनीय भूमिका खेल्नेछ।**

**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको यो पहलले सरकारी स्वास्थ्य संस्थाहरूलाई थप विश्वासिलो बनाउने काम गरेको छ। यस अघि सरकारी क्यान्सर अस्पतालहरूमा उपलब्ध नभएका धेरै परीक्षणहरू अहिले जनस्वास्थ्य प्रयोगशालाले नियमितरूपमा गरिरहेको छ। यो सर्वसाधरणलाई सरकारी स्वास्थ्य प्रणालीप्रति भरोसा बढाउने आधारसमेत बनेको छ। यस ऐतिहासिक प्रगतिका बावजूद, अझै पनि धेरै चुनौतीहरू छन्। जनसङ्ख्याको ठूलो हिस्सा स्वास्थ्य सेवामा पहुँच पाउन सकिरहेको छैन। क्यान्सर परीक्षणको सुविधालाई देशका दुर्गम र पिछडिएका क्षेत्रमा विस्तार गर्न आवश्यक छ। साथै, यस्तो परीक्षणलाई थप किफायती र सहज बनाउन सरकारले दीर्घकालीन योजना बनाउनुपर्छ। अर्कोतर्फ स्तन क्यान्सरबारे सचेतना जरुरी छ। क्यान्सर अस्पतालमा परीक्षण गराउन पुगेका अधिकांश स्तन क्यान्सर पीडितहरू विलम्ब पुग्ने गरेको पाइएको छ। स्वास्थ्य सचेतनाको ज्ञान र स्तन क्यान्सरको लक्षणबारे स्पष्ट हुन सके प्रारम्भिक चरणमैं अस्पताल पुग्न सकिन्छ। प्रारम्भिक चरणमा उपचार पाउन सके रोग निर्मूल पार्न सकिने कुरा निश्चित छ।**

# धर्म निरपेक्षताको औचित्य के ?

स्वतन्त्र विचार



**श्रीमन्नारायण**

an_shriman@yahoo.com

**कम्युनिस्टहरू हिन्दू धर्ममाथि मात्रै प्रहार गर्दछन्। माओवादीको एक दशक लामो सङ्घर्षमा संस्कृत पढाउने शिक्षकको हत्या गरियो। शिखा काटियो, बलजफ्ती गाईको मासु खुवाउने प्रयास भयो र पण्डितलाई अपमानित गरियो, यातना दिइयो तर अन्यलाई होइन, किन ?**

विविधतामा एकता खोज्नु धर्म हो। हाम्रो पूर्वीय सभ्यतामा बहुदेववादलाई स्वीकार गरिएको छ। हामी बहुदेववादमा विश्वास गर्दछौं जबकि पश्चिमी सभ्यता एकेश्वरवादमा विश्वास राख्छ। पश्चिमी सभ्यता भनेको एकेश्वरवादी धर्ममा आधारित अब्राहमिक धर्म हो। इसाई, इस्लाम, यहुदी धर्म यी सबै अब्राहमिक धर्महरू हुन्। अब्राहमिक धर्म भनेको एक मात्र सर्वशक्तिमान र सर्वव्यापी ईश्वर हुन्छ, दुई हुँदैन भन्ने अवधारणा हो जबकि हाम्रो सनातन धर्म समन्वयात्मक हो। बहुदेव मान्नुको अर्थ बहुलवादी विचार र सहअस्तित्वका दृष्टिकोणलाई सम्मान गर्नु, स्वीकार गर्नु हाम्रो पूर्वीय सभ्यता अथवा सनातन धर्मको विशेषता हो। नेपाल त हिन्दू राष्ट्र भएर पनि सर्वधर्म मान्नेहरूलाई समानरूपले धार्मिक स्वतन्त्रता प्राप्त नै थियो। कम्युनिस्ट र इसाई मेशिनरी तथा खाडीको पैसाले नेपाललाई धर्म निरपेक्ष घोषित गरायो।

समाज, संस्कृति, धर्म वा राजनीतिक प्रणालीमा विविधताको अस्तित्वलाई स्वीकार गर्दै, ती सबैलाई समानरूपमा सहिष्णुताका साथै मान्यता र सम्मान पाउनुपर्छ र त्यो राज्यको दायित्व हुन्छ भनेर बहुलवादी विचारको आवाज युरोपबाट उठ्न थाल्यो। यस्तो उदारवादी आवाज उठाउने परिवर्तनकारी प्रजातान्त्रिक हिमायतीहरूसँग युरोपेली धर्माधिकारी पादरीहरू आक्रामक बन्न थाले। त्यहाँ ठूलो उथलपुथल भयो। अन्ततः पश्चिमी अब्राहमिक धर्मगुरुहरूले क्रान्तिकारीहरूका अगाडि घुँडा टेक्न बाध्य भए। त्यसपछि एकेश्वरवादी अब्राहमिक पादरीहरूलाई अधिकारबाट वञ्चित गराउँदै मुलुकमा धर्म निरपेक्षता घोषणा गरेर पहिलोपटक पश्चिमी देशमा धर्म निरपेक्षता लागू गरियो। आश्चर्यको कुरा के हो भने एकेश्वरवाद रोगको उपचारका लागि धर्म निरपेक्ष लागू गरिएको थियो तर पूर्वीय बहुलतावादी (बहुदेव) धर्म दर्शन मान्ने समाजमा पनि यसलाई लागू गरियो। सनातन धर्म आफैंमा सहिष्णु, उदार र प्राणीमात्रको कल्याणको मङ्गल कामना गर्दछ। यहाँ अधर्मको नाश भनिएको छ, अधर्मीको होइन। हामीभित्रका विकृतिहरूको अन्त्य होस् भनिएको छ। हाम्रो समाजमा धर्म छ, यहाँ त यसको आवश्यकता नै थिएन। यहाँको धर्म संस्कृति नै धर्म निरपेक्ष हो। बहुदेव मान्नु भनेको दर्शनको बहुआयामिकतालाई स्वीकार गर्नु हो। बहुदेववादले मानव जीवनको विभिन्न दृष्टिकोणहरूलाई स्वीकार गर्दछ। यो एकै सत्यको धेरै रूप हो भन्ने मान्यतामा आधारित हुन्छ। त्यसैले पूर्वीय प्राचीन ऋग्वेदमा भनिएको छ–'एकम् सत् विप्राः बहुधा वदन्ति' अर्थात् सत्य एउटै हो तर विद्वान्हरूले यसलाई विभिन्नरूपमा व्याख्या गर्दछन्। यसरी फरक मतलाई पनि सम्मान गरेर साथसाथमा हिंड्ने हाम्रा जीवनपद्धति यसरी फरक मतलाई पनि सम्मान गरेर साथ–साथ हिंडने हाम्रो जीवनपद्धति रहेको छ। हामीकहाँ हिन्दू, बौद्ध, सिख, जैन, किराँत, सबै एक साथ मिलेर एकै पङ्क्तिमा उभिएर कुनै पनि धर्मस्थलमा पूजा आराधना गर्न सक्दछन्। यहाँ नास्तिक मतका चार्वाकवादको पनि स्वागत गरिएको छ भने आर्य समाज, कबीर पन्थ, साई र अन्य विभिन्न पन्थलाई मान्नेहरू पनि छन् तथा सबै बीच सामञ्जस्य छ, सहकार्य भइरहेको छ। इस्लाम धर्ममा शिया, सुन्नी, अहमदिया र कादियानी सँगै मिलेर प्रार्थना गर्न सक्दैनन्। सुन्नीभित्र पनि विभिन्न समूह छन्, जो एक अर्काको अस्तित्वलाई स्वीकार गर्दैनन्। हिन्दू धर्ममा रामायण र गीताका पाना जलाउनेहरूलाई पनि जनताले माफ गरिदिन्छ जबकि एकेश्वरवादका समर्थकहरूले उनको ईश्वरको निन्दा गर्नेलाई ईशनिन्दा गरेको आरोपमा ज्यानसमेत लिने धम्की दिन्छन्।

एकेश्वरवादी अर्थात् एकमात्र आफूले मानिआएको ईश्वर र उनले दिएको मार्गदर्शनबाहेक अर्को छैन भन्ने हो। यसले बहुलवादी विचारलाई अस्वीकार गर्छ। आफ्नोबाहेक फरक मतको, फरक विचारको अस्तित्व अस्वीकार गर्ने भएकोले प्राचीनकालदेखि फरक–फरक विचार आस्था बोक्ने एकभन्दा बढी दुई समुदाय कहिल्यै साथ–साथ सौहार्दपूर्ण ढङ्गले बस्न सकेनन्। जहाँ बसियो त्यहाँ रक्तपात मचियो। जसले जित्यो त्यसको राज भयो, अरू पलायन भए। क्रुसवारको नामले इतिहास रक्तरञ्जित छ, शताब्दीऔंसम्म लडाइँ भइरहयो र अहिले पनि मध्य पश्चिमको लडाइँ त्यही क्रुसवारको आधुनिक छद्मरूप मात्रै हो। यही एकेश्वरवादी दर्शनले जब समाजमा विखण्डन र द्वन्द्वको समस्या बढाउन थाल्यो, त्यसविरुद्ध प्रख्यात दार्शनिक, चिकित्सक र राजनीतिक विचारक जोन लक उभिए। उनलाई आधुनिक उदारवादको संस्थापक मानिन्छ।

भगवद्गीतामा श्रीकृष्णले भनेका छन् कि हे अर्जुन, जो अन्य देवताहरूको श्रद्धापूर्वक पूजा गर्छन् तिनीहरूले पनि वास्तवमा मेरो पूजा (परमात्मा) नै गरिरहेका हुन्छन् तर त्यो पूजा विधिपूर्वक (शास्त्रीय विधि अनुसार) गरिएको हुँदैन। यसरी जसले जुनसुकै विचारको देवीदेवताको पूजा गरे पनि मेरै हुन्छ भलै विधिपूर्वक नहोला। फरक विचारलाई पनि कदर गर्ने पूर्वीय दर्शन हुन्छ। सनातन धर्ममा ३३ कोटी (प्रकार) को देवताको रूप हेर्ने गरिन्छ। यसमा त्रिदेव (ब्रह्मा, विष्णु र महेश) दश दिक्पाल, इन्दु, अग्नि, वरुण, वायु आदि दिशाका संरक्षकसम्मको पूजा गर्ने धर्म यसै उदारवाद बहुअस्तित्ववाद र बहुलवादको प्रतीक हो।

बौद्धहरूले बुद्धको पूजासँगै फरक–फरक अवस्थामा फरक–फरक उद्देश्यमा मञ्जुश्री (बोधिसत्व ज्ञान र बुद्धिमत्ताको प्रतीक, वैश्रवण (धन–सम्पत्तिका रक्षक) देवी कुरूकुल्लालाई (व्यक्तिलाई सकारात्मक ऊर्जा दिन र कष्टहरूसँग लड्न) दयाग्रीव (विघ्ननाशका देवता हिन्दूहरूले विष्णुको घोडाको अवतारको रूपमा पूजा गर्छन्) यमन्तक (यमराजा), मृत्यु विजेताको देवताको रूपमा पूजा गर्छौं। महाकालको पूजा बौद्ध धर्ममा विघ्न हटाउने, धर्मको संरक्षण गर्ने र आत्मबल बढाउने उद्देश्यले गरिन्छ भने अवलोकितेश्वर (करुणाका प्रतीक) रूपमा पूजा गर्छौं। सिङ्गापुरमा ताओ धर्मको मन्दिरमा बुद्धदेखि दुर्गा देवी हुँदै सबै देवीदेवताको पूजा गरिन्छ। यो हो हाम्रो पूर्वीय समन्वयात्मक धर्म। अहिले सुनियोजितरूपमा ब्राह्मणवाद र हिन्दूकरणको खतरा देखाई देशमा इसाईकरण गर्ने काम भइरहेको छ। हिन्दू धर्म र ब्राह्मणलाई गाली गरेर अन्य धर्म धर्मावलम्बीहरू आफ्नो धर्मको प्रचारप्रसार र विस्तार गरिरहेका छन्। कम्युनिस्टहरू हिन्दू धर्ममाथि मात्रै प्रहार गर्दछन्। माओवादीको एक दशक लामो सशस्त्र सङ्घर्षमा संस्कृत पढाउने शिक्षकको हत्या गरियो। शिखा काटियो, बलजफ्ती गाईको मासु खुवाउने प्रयास भयो र पण्डितलाई अपमानित गरियो, यातना दिइयो तर अन्यलाई होइन, किन ?

धर्म नमान्ने चिनियाँ कम्युनिस्ट सरकारले लामाको जन्म, पूर्वजन्मको अवतारी चुन्ने गर्दछ। उसले चुनेकोलाई मान्नेहरू मात्रै नेपालमा राष्ट्रवादी ठहरिन सक्दछन् भन्ने नेपालका वामपन्थी र अन्धराष्ट्रवादीहरूको धारणा रहिआएको छ। यसको विरोध गर्नेलाई विदेशी एजेन्टको आरोप लगाइन्छ। हिमाली बौद्ध परम्परा अनुसार, परम्परागत अध्यात्मिक विधि प्रक्रिया अनुसार खोजौं भने विदेशी एजेन्ट, नखोजौं भने फेरि संस्कृतिको नाश। तिब्बती लामाहरूमध्ये पनि कग्युप्पा समुदायभित्र थुप्रै सम्प्रदायहरू छन्। जसमध्ये मुख्यतः कर्मा कग्यु सम्प्रदाय प्रमुख हो। यो कग्यु सम्प्रदाय शैव परम्पराका गुरु गोरखनाथ परम्परासँग नजीकको सम्बन्ध राख्ने समुदाय हो। नाथ परम्पराले चौरासी नाथ गुरुहरूको अनुसरण गर्दछ भने कग्युपा सम्प्रदायले पनि चौरासी सिद्ध गुरुहरूको परम्परा अनुसरण गर्दछ। नाथ परम्परा र कग्युपा सम्प्रदाय दुवै तान्त्रिक हठयोग र साधनामा आधारित अभ्यासहरूमा केन्द्रित हुन्छन्। सनातन धर्मसँग नजीकको सम्बन्ध राख्ने यस सम्प्रदायले तिब्बतमा उचित सम्मान पाउन सकेको छैन। नेपाल पुनः सनातन धर्मसापेक्ष राष्ट्र घोषित हुनुपर्छ। ८५ देखि ९० प्रतिशत हिन्दू भएको नेपालमा धर्म निरपेक्षताको औचित्य छैन।

# सन् २०२४ : विमान दुर्घटनाको दु:खद् वर्ष

सिबी अधिकारी/रासस

काठमाडौं, १८ पुस/

अङ्ग्रेजी वर्ष सन् २०२४ अन्तर्राष्ट्रिय रूपमा नागरिक उड्डयनको हिसाबले निकै दु:खद वर्षको रूपमा दर्ज भयो। ठूला–ठूला विमान दुर्घटना भए। ती दुर्घटनामा धेरै मानवीय क्षति बेहोर्नुपऱ्यो। सन् २०२४ समाप्त हुनुभन्दा दुई दिन अघि अर्थात् डिसेम्बर २९ तारिखका दिन दक्षिण कोरियाको मुआनमा १८१ यात्रु बोकेको विमान दुर्घटनाग्रस्त हुँदा १७९ जनाले ज्यान गुमाए। दुईजनालाई सुरक्षाकर्मीले भग्नावशेषबाट जीवितै उद्धार गरेका थिए।

बैंककबाट फर्कदै गरेको उक्त विमानमा चालक दलका ६ सदस्यसहित १८१ जना सवार थिए। सियोलबाट करीब २८८ किलोमिटर दक्षिणपश्चिममा रहेको दक्षिण जियोला प्रान्तको मुआन काउन्टीस्थित मुआन अन्तर्राष्ट्रिय विमानस्थलमा जेजु एयरको विमान अवतरणाका क्रममा धावनमार्गबाट चिप्लिएर सिमेन्टको पर्खालमा ठोकिंदा दुर्घटना भएको हो।

यस अघि डिसेम्बर २५ मा अजरबैजान एयरलाइन्सको एम्ब्रेयर इआरजे १९० एआर विमान कजाकिस्तानको अक्ताउ विमानस्थल नजीकै दुर्घटनाग्रस्त भएको थियो। सो दुर्घटनामा ३८ जनाको मृत्यु भएको थियो। वर्षको उत्तरार्द्धमा भएका दुई ठूला विमान दुर्घटनामा २१७ जनाले ज्यान गुमाए।

विमान दुर्घटनामा सन् २०२४ मा इरानी राष्ट्रपति इब्राहिम रइसी र अफ्रिकी देश मालीका उपराष्ट्रपति साउलोस क्लाउस चिलिमजस्ता विशिष्ट व्यक्तिको मृत्यु भयो। मे २० तारिख (जेठ ७ गते) इरानी राष्ट्रपतिको हेलिकप्टर दुर्घटनामा मृत्यु भएको थियो। यस्तै जून ११ (जेठ २९ गते) मालीका उपराष्ट्रपति चिलिमिको सैन्य विमान दुर्घटनामा मृत्यु भएको थियो।

नयाँ वर्ष २०२५ को शुरूआत हुँदै गर्दा सन् २०२४ एयरलाइन्सका लागि दु:खद वर्ष साबित भयो। यस वर्षमा ठूला–ठूलासहित धेरै सङ्ख्यामा विमानहरू दुर्घटनामा परेका थिए। डिसेम्बर महीनामा मात्रै ६ वटा ठूला विमान दुर्घटना भएका छन्। ती दुर्घटनामा २३४ जनाको मृत्यु भएको छ। लगातार भइरहेको विमान दुर्घटनाले हवाई क्षेत्रमा सुरक्षा प्रोटोकल र प्राविधिक समस्यामाथि प्रश्न उठ्न थालेको छ।

यस्तै गत डिसेम्बर २२ मा दक्षिणी ब्रजीलको ग्रामाडो शहरमा निजी विमान दुर्घटना हुँदा एकै परिवारका १० जनाको मृत्यु भएको थियो। उक्त विमानमा सवार ब्रजीलका व्यापारी लुइज क्लाउडियो गालेज्जीकी पत्नी, तीन छोरी र अन्य आफन्तसहितको मृत्यु भएको हो। डिसेम्बर २४ मा एयर क्यानाडाको विमान, अवतरण गर्ने क्रममा, चिप्लिएर दुर्घटनामा परेको थियो। उक्त विमानमा आगो लागेको थियो।

यसैगरी गत डिसेम्बर २२ मा पपुवा न्युगिनीमा विमान दुर्घटनाग्रस्त हुँदा पाँचजनाको मुत्यु भएको थियो। उत्तरी तटीय उड्डयनद्वारा सञ्चालित एक आइल्यान्डर २२ डिसेम्बरमा पपुवा न्युगिनीमा दुर्घटनाग्रस्त भएको थियो।

अर्जेन्टिनामा बम्बार्डियर च्यालेन्जर ३०० अर्जेन्टिनाको सान फर्नान्डो एयरपोर्ट नजीक दुर्घटनाग्रस्त हुँदा दुवै पाइलटको मृत्यु भएको थियो। अमेरिकन विमान कामाका एयर एलएलसीद्वारा सञ्चालित कामाका एयर होनोलुलुको ड्यानियल अन्तर्राष्ट्रिय विमानस्थल नजीकै दुर्घटनाग्रस्त हुँदा दुवै पाइलटको मृत्यु भएको हो। अगस्त नौमा ब्रजीलको भिनहेडोको भिनहेडोमा विमान दुर्घटनाग्रस्त हुँदा विमानमा सवार सबै ६२ जनाको मृत्यु भएको थियो।

सन् २०२४ मा नेपाल पनि विमान दुर्घटनाबाट जोगिन सकेन। जुलाई २४ तारिख (साउन ९ गते) गते सौर्य एयरलाइन्सको विमान दुर्घटनाग्रस्त हुँदा १८ जनाको मृत्यु भएको थियो। यस्तै अगस्त ७ (साउन २३ गते) काठमाडौंको शिवपुरी क्षेत्रमा एयर डाइनेस्टी हेलिकप्टर दुर्घटना हुदा पाँचजनाको मृत्यु भएको थियो। सन् २०२३ मा यती एयरलाइन्सको एटीआर–७२ विमान दुर्घटनाग्रस्त हुँदा विमानमा सवार ७२ जनाकै निधन भएको थियो। यो दुर्घटना आन्तरिक उडानमा हालसम्मकै ठूलो हो।

बुद्ध एयरका अप्रेशनल डाइरेक्टर क्याप्टेन आरके शर्मा, समग्रमा वर्ष २०२४ विश्वव्यापीरूपमा हवाई दुर्घटनाका हिसाबले दु:खद रहे पनि नेपालमा भने केही सुधार भएको बताउँछन्। "नेपालका लागि वर्ष २०२४ सुखद नै मान्नुपर्छ। तर, विश्वव्यापीरूपमा हेर्दा वर्षको समाप्ति हुनै लाग्दा निरन्तर ठूला घटना हुनुले समग्र वर्षलाई हवाई दुर्घटनाका हिसाबले दुख:द मानिन्छ"–उनले भने। नेपालको हकमा हवाई सुरक्षा अभिवृद्धि भएको मान्न सकिने उनको धारणा छ। यद्यपि सौर्य एयर र एयरडाइनेस्टी हेलिकप्टर दुर्घटनाले पुनः एकपटक झस्काएको छ। यसबाट एभिएशन सेफ्टी र सेक्युरिटीका साथै व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्नेतर्फ एयरलाइन्सहरूको ध्यान जान जरुरी रहेको क्याप्टेन शर्माको भनाइ छ।

सन् २०२४ मा विश्वव्यापीरूपमा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४८

# अर्थ - उद्योग - वाणिज्य

## किन हुन्छ वैदेशिक व्यापार ?

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**कुन–कुन क्षेत्रमा कार्य गर्दा वा कुन कुन वस्तु नेपालमा उत्पादन गर्दा वैदेशिक व्यापारबाट राम्रो लाभ प्राप्त गर्न सकिन्छ त्यस्ता क्षेत्र र वस्तुहरूको नेपालले गम्भीरतापूर्वक खोजी गर्नुपर्दछ । र त्यस्ता वस्तु एवं सेवा नेपालभित्र उत्पादन गरेर नेपालले वैदेशिक व्यापारबाट लाभ प्राप्त गर्नुपर्छ ।**

दुई देशबीच हुने वैदेशिक व्यापार वा एक देशको अनेक देशसँग हुने वैदेशिक व्यापारका अनेक कारण छन् । ती अनेक कारणहरूमध्ये एउटा प्रमुख कारण लागत हो । उत्पादन लागत हो ।

कुनै वस्तु आफ्नो देशमा उत्पादन गर्दा महँगो हुन्छ भने त्यस्तो वस्तु आयात गरिन्छ । कुनै वस्तु आफ्नो देशमा अन्य देशहरूको तुलनामा सस्तोमा उत्पादन गर्न सकिन्छ भने त्यस्तो वस्तु उत्पादन गरेर निर्यात गरिन्छ । उदाहरणका लागि नेपालमा एक क्विन्टल चामल उत्पादन गर्दा रु पाँच हजार उत्पादन लागत पर्छ तर त्यही चामल सोही तौलमा भारतबाट आयात गर्दा रु तीन हजार भुक्तानी गर्नुपर्छ भने नेपालले चामल भारतबाट आयात गर्नु उपयुक्त हुन्छ । यसैगरी भारतले एक क्विन्टल अलैची आफ्नो देशमा उत्पादन गर्दा उत्पादन लागत पच्चीस हजार रुपियाँ पर्दछ र त्यही अलैंची सोही तौलमा नेपालबाट आयात गर्दा बीस हजार पर्दछ भने भारतले स्वयं अलैची उत्पादन गर्दैन । लागतको कारणले गर्दा भारतले नेपालबाट अलैंची आयात गर्छ । उत्पादन लागतको कारणले गर्दा विभिन्न राष्ट्रहरू बाध्यात्मक किसिमले यसरी वैदेशिक व्यापारमा संलग्न हुन्छन् । उत्पादन लागतले कुनै पनि देशलाई वैदेशिक व्यापारमा संलग्न हुन यसरी बाध्य पार्दछ । कुनै पनि राष्ट्र वैदेशिक व्यापारमा संलग्न हुने अर्को महत्त्वपूर्ण कारण उत्पादनका साधनहरू– प्राकृतिक स्रोत, श्रम, पूँजी र उद्यमशीलताको सहज र प्रभावकारी उपलब्धता हो । विशाल पूँजी, उन्नत प्रविधि, कुशल श्रम आदिको अभावमा कुनै एउटा राष्ट्र आफू स्वयं हवाइ जहाज निर्माण गर्न सक्तैन र उसले बाध्य भएर अमेरिका वा युरोपियन युनियनको राष्ट्रबाट बोइङ वा एयरबस कम्पनीसँग हवाइजहाज खरीद गर्नुपर्छ वा वैदेशिक व्यापारमा संलग्न हुनुपर्छ ।

अहिलेको यो आधुनिक युगमा कुनै पनि देशका नागरिकले हजारौं किसिमका वस्तु एवं सेवा उपभोग गर्छन् । आफ्ना देशका नागरिकले यसरी हजारौं किसिमका उपभोग गर्ने वस्तु कुनै पनि एउटा देश स्वयंले उत्पादन गर्नु सम्भव हुँदैन । लागत, प्रविधि र ज्ञानको कारणले सम्भवा हुँदैन । स्रोत र साधनको उपलब्धताको कारणले गर्दा पनि सम्भव हुँदैन । इलेक्ट्रोनिक्स सामान, बैट्री, बिजुली बल्ब, मोबाइल आदि निर्माण गर्दा प्रयोग दुर्लभ भू–पदार्थ (Rare Earth Materials) ठूलो मात्रामा केवल चीनमा मात्र उत्पादन हुन्छ । संसारभरिमा रहेको दुर्लभ भू–पदार्थको सञ्चिति ११० मिलियन टन रहेको अनुमान गरिएको छ । आश्चर्य ! चीनसँग मात्र उक्त दुर्लभ भू–पदार्थको सञ्चिति ४४ मिलियन टन रहेको छ । अर्थात् विश्वभरिका कुल दुर्लभ भू पदार्थको सञ्चितिमध्ये चीन एक्लो राष्ट्रसँग ४० प्रतिशत सञ्चिति छ । चीन पछि अति कम राष्ट्रहरूसँग मात्र दुर्लभ भू–पदार्थको सञ्चिति छ । भिएतनाम, रूस, ब्रजीलजस्ता सीमित राष्ट्रहरूसँग मात्र दुर्लभ भू–पदार्थको सञ्चिति रहेको छ । ती राष्ट्रहरूले मात्र दुर्लभ भू–पदार्थ उत्पादन र आपूर्ति गर्न सक्छन् ।

अहिले पनि दुर्लभ भू–पदार्थको उत्पादन र आपूर्तिमा चीनको ठूलो नियन्त्रण छ । विश्वको कुल उत्पादन मध्ये चीन एक्लैले ७० प्रतिशत जति दुर्लभ भू–पदार्थ उत्पादन गर्छ । दुर्लभ भू–पदार्थ खरीद गर्न विश्वका धेरै राष्ट्रहरू चीनको शरणामा जानुको विकल्प छैन । अमेरिकाले पनि ठूलो परिमाणमा दुर्लभ भू–पदार्थ चीनबाट नै खरीद गर्छ ।

कुनै पनि राष्ट्रले आफ्नो देशभित्र उसका नागरिकले प्रयोग गर्ने सम्पूर्ण वस्तु एवं सेवा उत्पादन गर्न सक्नु यो विज्ञान र प्रविधिको युगमा सम्भव छैन । यो स्थितिले पनि कुनै पनि राष्ट्रलाई अनिवार्यरूपमा वैदेशिक व्यापारमा संलग्न हुन बाध्य पार्छ ।

कुनै पनि राष्ट्र वैदेशिक व्यापारमा संलग्न हुनुपर्ने तेस्रो महत्त्वपूर्ण कारण वैदेशिक मुद्रा आर्जन हो । आफ्ना नागरिकले उपभोग गर्ने अनेक किसिमका वस्तु एवं सेवा संसारका अनेक राष्ट्रबाट खरीद गर्न एक राष्ट्रले अनेक राष्ट्रमा आफ्ना वस्तु निर्यात गरेर वैदेशिक मुद्रा आर्जन गर्नुपर्छ । उदाहरणका लागि नेपालले आफ्ना नागरिकलाई आवश्यक पर्ने ऊर्जा (पेट्रोलियम पदार्थ, बिजुली, कोइला आदि), खाद्यान्न, फलफूल, तरकारी, तेल आदि भारतबाट खरीद गर्न आफ्ना अनेक उत्पादन भारततर्फ निर्यात गरेर, भारतलाई बिक्री गरेर, भारतीय मुद्रा (भारु) आर्जन गर्नुपर्छ । नेपालसँग भारतबाट विभिन्न वस्तु आयात गर्न जति भारु आवश्यक हो त्यति नभएमा नेपालले भारतसँग ऋण (भारु) लिनुपर्छ । अथवा विश्वका अनेक देश वा संस्थाहरूसँग ऋण (अमेरिकी डलर, युरो, पौण्ड आदि)लिएर भए पनि भारतलाई भुक्तान गर्नुपर्छ ।

यसरी आफ्ना देशका नागरिकलाई उपभोगका लागि आवश्यक पर्ने तर आफ्नो देशमा उत्पादन गर्न नसकिने अनेक वस्तु आयात गर्न कुनै पनि राष्ट्रले वैदेशिक व्यापारमा संलग्न भएर वैदेशिक मुद्रा आर्जन गर्नुको विकल्प हुँदैन । संयुक्त राज्य अमेरिका, रूस, चीन, फ्रान्स, जर्मनीले ठूलो परिमाणमा वस्तुहरू निर्यात गर्ने हुनाले यी देशलाई विदेशी मुद्राको अभाव हुँदैन । तर नेपाल, अफगानिस्तान, श्रीलङ्का, पाकिस्तानजस्ता राष्ट्रलाई, निर्यातको परिमाण ठूलो नभएको हुँदा, वैदैशिक मुद्राको ठूलो खाँचो पर्दछ ।

समाचारहरूले जनाए अनुसार केही वर्ष पहिले श्रीलङ्काको अर्थ व्यवस्था ज्यादै कमजोर भएर, त्यस देशको मुद्रा सञ्चितिमा ठूलो ह्रास आएर आफ्ना नागरिकका लागि आवश्यक (विदेशी) औषधीहरू खरीद गर्न वैदेशिक मुद्रा थिएन । श्रीलङ्कामा विदेशी मुद्राको ज्यादै अभाव भएको थियो । श्रीलङ्कालाई औषधी खरीद गर्नसम्म विदेशी मुद्राको अभाव हुन पुगेको थियो ।

अहिलेको यो सूचना, प्रविधि र ज्ञानको प्रतिस्पर्धात्मक युगमा कुनै एक राष्ट्रको लागि वैदेशिक व्यापार स्वेच्छा होइन, बाध्यता हो । विश्वको सर्वाधिक धनी राष्ट्र सं.रा. अमेरिका पनि वैदेशिक व्यापारमा अनिवार्यरूपमा संलग्न हुनुपर्ने स्थिति छ । अमेरिकाले सस्ता सामानहरू, जुन अमेरिकमा उत्पादन गर्दा उत्पादन लागत महँगो पर्छ–जस्तै लुगा, खेलौना, साना औजार, आदि चीनबाट आयात गर्छ । विश्वका अनेक देशमा महँगोमा बिक्री गर्न सकिने वस्तुहरू जस्तै हवाइ जहाज, हैभी इन्जिनीयरिङका सामान, सूचना एवं प्रविधिका सामान अनेक राष्ट्रमा निर्यात गर्छ । अर्थात् अमेरिकाले आफ्नो देशमा सस्तोमा उत्पादन गरेर महँगोमा विश्वका अनेक राष्ट्रहरूमा बिक्री गर्न सकिने वस्तुहरू देशभित्र उत्पादन गर्छ भने आफ्नो देशमा उत्पादन गर्दा उत्पादन लागत महँगो पर्ने वस्तुहरू विदेशबाटै मुख्यगरी चीन, भारत, बङ्गलादेश, भिएतनाम आदि श्रम लागत कम भएका देशहरूबाट आयात गर्छ ।

वैदेशिक व्यापारको क्षेत्रमा नेपालको स्थिति अति दयनीय छ । उत्पादन लागतको कारणले गर्दा नेपालले असङ्ख्य वस्तु नेपालमैं उत्पादन गर्न सक्तैन । यो कारणले गर्दा नेपालले ठूलो मात्रामा अनेक वस्तु भारत एवं चीनबाट आयात गर्छ । विज्ञान र प्रविधिको क्षेत्रमा नेपाल अति पछाडि रहेकोले पनि नेपालले अनेक किसिमका वस्तु नेपालमा नै उत्पादन गर्न सक्तैन र त्यस्ता वस्तुहरू भारत, चीन एवं अन्य राष्ट्रहरूबाट आयात गर्छ । उत्पादन लागत र प्रविधिको क्षेत्रमा नेपाल धेरै पछाडि रहेको र नेपालले उत्पादन गर्ने वस्तुहरू भारत र चीनले नेपालभन्दा ज्यादै सस्तोमा उत्पादन गर्न सक्ने भएकाले नेपालले आफ्ना निकटका ठूला छिमेकी बजार (चीन र भारत) हरूबाट उल्लेखनीय फाइदा उठाउन सकेको छैन । अर्थात् उत्पादन लागतको कारणले गर्दा नेपालले चीन र भारततर्फ मात्र होइन, विश्वका विभिन्न राष्ट्रमा आफ्ना सामान निर्यात गर्न सकेको छैन । नेपालले वैदेशिक व्यापारबाट खासै फाइदा उठाउन सकेको छैन । नेपालको वैदेशिक व्यापार ऋणात्मक स्थितिमा छ ।

**नेपालले वैदेशिक व्यापारबाट कसरी फाइदा उठाउने ?**

माथि वर्णन गरिएको स्थिति हुँदाहुँदै पनि नेपालले वैदेशिक व्यापारबाट उच्च लाभ प्राप्त गर्न सक्छ । यदि नेपालले मौलिक नेपाली वस्तुहरू जस्तै कपडा, मूर्ति, खाद्य पदार्थ– अचार, मसेउरा, गुन्द्रुक, हस्तकलाका सामग्री आदि उत्पादन गरेर संसारका विभिन्न राष्ट्रहरूमा बिक्री गर्ने हो भने नेपालले वैदेशिक व्यापारबाट राम्रो लाभ प्राप्त गर्न सक्छ । अर्थात् अनेक मौलिक नेपाली वस्तुहरू विश्वका अनेक राष्ट्रमा बिक्री गरेर नेपालले वैदेशिक व्यापारबाट उच्च लाभ प्राप्त गर्न सक्ने उच्च सम्भावना एवं ठूलो अवसर छ । अहिले विश्वका अनेक देशमा नेपालीहरूको ठूलो बसोवास रहेको छ । साथै विदेशमा रहेका भारतीय, पाकिस्तानी, बङ्गलादेशीहरूले मौलिक नेपाली वस्तुहरू मन पराउने गरेका छन् पनि ।

नेपालले सेवाको क्षेत्रमा रहेर पनि वैदेशिक व्यापारबाट राम्रो लाभ प्राप्त गर्न सक्छ । नेपालले सूचना, प्रविधि एवं ज्ञानको क्षेत्रमा संलग्न भएर अनेक किसिमका सेवाहरू नेपालबाटै विश्वका अनेक राष्ट्रहरूलाई बिक्री गर्न सक्छ। विभिन्न सफ्टवेयरहरू उत्पादन गरेर बिक्री गर्न सक्छ । यसैगरी सूचना एवं प्रविधिका क्षेत्रमा कार्य गर्ने ठूला–ठूला कम्पनीहरूमा काम गरेर पनि नेपालीहरूले नेपालमा नै बसेर राम्रो आय आर्जन गर्न सक्ने सम्भावना छ ।

कुन–कुन क्षेत्रमा कार्य गर्दा वा कुन कुन वस्तु नेपालमा उत्पादन गर्दा वैदेशिक व्यापारबाट राम्रो लाभ प्राप्त गर्न सकिन्छ त्यस्ता क्षेत्र र वस्तुहरूको नेपालले गम्भीरतापूर्वक खोजी गर्नुपर्दछ । र त्यस्ता वस्तु एवं सेवा नेपालभित्र उत्पादन गरेर नेपालले वैदेशिक व्यापारबाट लाभ प्राप्त गर्नुपर्छ । वर्तमान विश्व व्यापारको क्षेत्रमा जति धेरै प्रतिस्पर्धात्मक छ त्यति नै धेरै अवसर र सम्भावनाहरूले भरिएको पनि छ ।



धान भण्डारणको लागि बेहरी किनेर पर्साको लङ्डीबाट पोखरिया लैजाँदै । तस्वीरः आरके पटेल/प्रतीक



**केराखेती:** म्याग्दीको बेनी नगरपालिका–२ खबरामा गरिएको केराखेती । खबराबाट वार्षिक रु दुई करोडभन्दा बढीको केरा बिक्री हुने गरेको छ । तस्बिर : सन्तोष गौतम/रासस

## आन्तरिक पर्यटकको रोजाइमा सिमसार क्षेत्र

सिरहा, १८ पुस/रासस

लहानदेखि उत्तरतर्फ पर्ने चुरेक्षेत्र आसपासका सिमसार क्षेत्र वनभोज र घुम्नका लागि उपयुक्त गन्तव्य बन्न थालेका छन् ।



तस्वीरः रासस

लहानबाट सात किलोमिटर उत्तरतर्फ चुरे फेदीमा अवस्थित ‘हात्तीदह सिमसार तथा पर्यटकीय क्षेत्र’मा जाडोयाममा वनभोज खान आउनेको भीड लाग्न थालेको छ । तीन वर्ष अघि ‘कोइरालो खोला नमूना सामुदायिक वन’भित्रको सिमसार क्षेत्रलाई संरक्षण र व्यवस्थापन गरी ‘इको टुरिज्म’ विकास गरिएपछि यहाँ घुम्ने र वनभोज खानेको भीड लाग्न थालेको हो ।

करीब पाँच हेक्टरमा फैलिएको यहाँ बाह्रै महीना पानी नसुक्ने चारवटा पोखरी, वनभोज स्थल र आकर्षक उद्यान छन् । लहान नगरपालिका–१५ स्थित हात्तीदह सिमसार तथा पर्यटकीय क्षेत्र संरक्षण समितिका अध्यक्ष रुद्रनारायण चौधरीले भने–“यहाँ वनभोज खान सिरहा, सप्तरी, उदयपुर, धनुषा, महोत्तरी तथा छिमेकी राष्ट्र भारतबाट समेत सर्वसाधारण आउने गर्दछन् ।”

उनका अनुसार हाल सार्वजनिक बिदा बाहेकका दिनमा करीब पाँच समूह वनभोजका लागि आउने गरेका छन् । सार्वजनिक बिदाका दिन बीस वटासम्म समूह आउने गर्दछ ।

लहान–१२ र २२ मा अवस्थित प्रसिद्ध धार्मिकस्थल सलहेश फूलवारी, लहान–२४ मा अवस्थित मानिकदह, लहान–१५ स्थित गोसाइँडाँडा ताल, लहान–१७ स्थित देवीदहलगायत स्थानमा वनभोजका लागि आउनेको भीड लाग्ने गरेको छ । लहान नगरपालिका–१५ बानोगाउँस्थित ‘झोवाइ खोल्सी चुरियाडाँडा सामुदायिक वन’ भित्रको सिमसार क्षेत्रलाई संरक्षण गरी ‘गोसाइँडाँडा ताल’ निर्माण गरिएपछि वनभोज खान र घुम्न आउनेको सङ्ख्यामा वृद्धि भएको चुरियाडाँडा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष लगनलाल चौधरीले जानकारी दिए ।

उत्तरी लहानकै ‘देवीदह सिमसार तथा पर्यटकीय क्षेत्र’ मा पनि पर्यटकको सङ्ख्या बढेको छ । चुरे क्षेत्रका सिमसार क्षेत्रको संरक्षणमा स्थानीय सरकारले चासो देखाउन थालेका छन् । लहान नगरपालिकाका नगरप्रमुख महेशप्रसाद चौधरीले भने–“यहाँका पर्यटकीय क्षेत्रको भौतिक विकासमा हामीले उच्च प्राथमिकता दिएका छौं ।”

अङ्ग्रेजी नयाँ वर्षको अवसरमा बुधवार यस क्षेत्रमा घुम्न र वनभोज खान आउनेको भीड लागेको थियो । विभिन्न देवीदेवताका मन्दिर, वनस्पति, जीवजन्तु र पशुपक्षीको वासस्थानसमेत रहेको यहाँका सिमसार क्षेत्र वनभोज, अध्ययन, अनुसन्धान र अवलोकनका लागि उपयोगी छन् ।

## मध्यमर्स्याङदीको विद्युत उत्पादन घट्दै

लमजुङ, १८ पुस/रासस

यहाँको बेंसीशहर नगरपालिका–१ दलालस्थित मध्यमर्स्याङदी जलविद्युत् आयोजनाको विद्युत् उत्पादन घट्न थालेको छ । मर्स्याङदी नदीमा पानीको मात्रा घटेपछि ७० मेगावाट क्षमताको उक्त आयोजनाको विद्युत् उत्पादन घट्न थालेको हो ।

आयोजना केन्द्रका प्रमुख पवन बस्नेतका अनुसार ३० मेगावाट बिजुली उत्पादन घटेको छ । अझै पानी कम हुँदै जाने र क्रमशः उत्पादन घट्दै जाने उनको भनाइ छ । हाल आयोजनाबाट ४० मेगावाट विद्युत् उत्पादन भइरहेको छ । आगामी फागुनसम्म उत्पादन घट्ने उनले

(बाँकी पाँचौं पातामा)

# मधेस प्रदेशको समृद्धिको आधार र सङ्घीय सरकारको भूमिका

स्वतन्त्र विचार



अधिवक्ता वीरेन्द्रप्रसाद यादव

**वनजङ्गल फडानी हुँदै जानु, चुरे पहाड सखाप हुँदै जानु, नहर सिंचाइ अतिक्रमणमा पर्दै जानु, पर्ति गौचरनलगायत मासिँदै जानु यहाँको कृषिले यस प्रदेशलाई नै वर्षभरि पुग्ने खाद्यान्न दिन नसक्नु दुर्भाग्य हो ।**

मधेसीले गरेको बलिदानस्वरूप आएको सङ्घीयताले बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा तथा सप्तरी गरी ८ जिल्ला लाई मधेस प्रदेश बनाइएको छ। मधेसीहरू २२ जिल्लालाई मधेस प्रदश बनाउन दाबी गरिरहेको अवस्थामा आठ जिल्लालाई मात्र मधेस प्रदेशको रूपमा स्थापित गर्नु मधेस तथा मधेसीको शक्ति कमजोर पार्नु थियो । मधेस प्रदेशमा राखिएका जिल्लामा आय स्रोतको अवस्था त्यति बलियो नभए पनि यस प्रदेशसँग मुख्य आर्थिक आधार कृषि भूमि, सिंचाइको आधार, वनजङ्गल, पर्यटकीय आधार, सडक सञ्जाल निर्माण, औद्योगिक करिडर, भारतीय सीमासँग जोडिएको मात्र होइन, भारतीय बजार तथा पारिश्रमिक एवं स्वस्थ जनशक्ति रहेको छ ।

पेट्रोलियम पदार्थको सम्भावना र पानीको प्रचुर स्रोत हुनु पनि यस प्रदेशको विकासको लागि महत्त्वपूर्ण अवसर हो। यसको सदुपयोग गर्ने स्थानीय जनताको अधिकार स्थानीय सरकारमार्फत संविधानले दिएको हुँदा यस प्रदेशलाई अन्य प्रदेशको तुलनामा अत्यधिक विकसित बनाउन सकिन्छ। यद्यपि यस प्रदेशमा रहेको एक मात्र महानगरमा देशको हरेक कुनाबाट आएका नागरिकलाई थोर बहुत रोजगार एवं वास मिलेको छ। यहाँको मुख्य भन्सार नाका मात्र होइन, मुलुकलाई चाहिने सामानहरू लगभग सत्तरी प्रतिशत वीरगंज नाकाबाट नै आयात हुने गरेकोले पनि यस प्रदेशको विकासको विशेष स्रोतको व्यवस्था भएको भन्न सकिन्छ। केन्द्रीय सरकार, जुन दलको नेतृत्वमा भएपनि लगभग आधा दर्जन केन्द्रीय मन्त्री यस प्रदेशबाट हुन्छन् नै ।

अहिलेकै सरकारमा एउटा जिल्लाबाट मात्र तीनजना केन्द्रीय मन्त्री छन्। यो यस प्रदेशको विकासका लागि अवसर हो। यो अवसरको लाभ प्रदेशले कति पायो पाएन, पछि मूल्याङ्कन होला। केन्द्रीय सरकारमा यस प्रदेशको महत्त्वपूर्ण सहभागिता पनि प्रदेश विकासको महत्त्वपूर्ण स्रोतको रूपमा लिन सकिन्छ। भरखरै प्रधानमन्त्रीको आगमनले मधेस प्रदेशको प्राथमिकतालाई उजागर गरेको छ। मधेस भूमिमा प्रधानमन्त्रीले दिएको प्रतिबद्धता अनुसार विकासमा सहयोग नगर्ने होइन, तर त्यसका लागि हामी नै जुर्मुराउनुपर्छ। जुन केन्द्रीय मन्त्री तथा प्रधानमन्त्रीको समर्थकमार्फत हुन सक्छ।

वीरगंज महानगरभित्र रहेको रंगशालाको अवस्था दयनीयय छ भने हजारौं नागरिकलाई रोजगार दिएको चिनी कारखाना, कृषि औजार कारखाना तथा जनकपुर चुरोट फैक्टरी खोल्ने कुनै सम्भावना छैन। जुन दुःखद कुरा हो। वीरगंजमा संयोगवश आएको उच्च अदालतको भवन निर्माण हुन त कता हो कता, अस्थायी इजलासलाई स्थायी समेत बनाउन सकिएको छैन। स्थायी न्याय दिने अदालतको इजलास अस्थायी हुनुले न्यायको उपभोक्तालाई पनि कन्फयुजन उत्पन्न गरेको छ। जिल्ला अदालतमा अहिले १२ वटा इजलास छ। मुद्दाको भार अनुसार त्यति इजलास आवश्यक पनि छ, तर जिल्ला अदालतको जग धेरै कम छ।

जिल्ला अदालतको छेउमा तत्तकालीन जिल्ला विकास समितिको प्रशस्त जग्गा छ। जुन अहिले खासै प्रयोगमा छैन। र तीन तहको सङ्घीय सरकारमा अब जिल्ला समन्वय समितिको उक्त जग्गा आवश्यक नपर्ने अवस्थामा जिविसको जग्गामध्ये थोरै जग्गा अदालतको लागि दिने हो भने पर्सा जिल्ला अदालत अन्त सार्ने बाध्यता आउँदैन। उक्त जग्गा अदालतलाई दिन सङ्घीय मन्त्रिपरिषद्को निर्णय आवश्यक हुन्छ। यस जिल्लाबाट तीनजना केन्द्रीय मन्त्री हुनुले उक्त कार्य सहज हुनुपर्नेमा जिविसबाट थोरै जग्गा पाउने अदालतको प्रयास असफल भएको छ। जुन असहयोग हो।

वीरगंजजस्तो महानगरको सडक विस्तारको कार्य रोक्नुलगायतबाट पनि विकास अवरोध छ भने वनजङ्गल फडानी हुँदै जानु, चुरे पहाड सखाप हुँदै जानु, नहर सिंचाइ अतिक्रमणमा पर्दै जानु, पर्ति गौचरनलगायत मासिँदै जानु यहाँको कृषिले यस प्रदेशलाई नै वर्षभरि पुग्ने खाद्यान्न दिन नसक्नु दुर्भाग्य हो। यस्ता समस्या हटाउनेतर्फ अग्रसर हुने हो भने यस प्रदेशको विकास कसैले रोक्न सक्दैन। यस प्रदेशमा रहेको औद्योगिक करिडर ले स्वदेशीभन्दा विदेशीलाई बढी रोजगार दिएको पाइन्छ। यहाँको मुख्य बजार स्वदेशीभन्दा विदेशीले बढी ओगटेका छन्। जसलाई स्थानीय तथा प्रदेश सरकारले बढी ध्यान दिनुपर्ने हुन्छ। तर हुन सकेको छैन।

मधेस प्रदेशमा समृद्धिको आधार खोज्नु त्यो अनुसारको उपयोग नीति लिनु, विगतको बेथिति हटाउनु अपरिहार्य भएको छ। जुन सङ्घीय सरकार, प्रदेश सरकार स्थानीय सरकार तथा आम नागरिक समेतको प्रयासबाट मात्र सम्भव छ। यसप्रति विशेषगरी प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण नभई हुन्न। सङ्घीयतामा स्थानीय सरकार, संसद् र स्वायत्तता त चाहिन्छ, तर स्वायत्तता आर्थिक सबलताविना काम लाग्दैन। यस अवस्थामा मधेस प्रदेशको समृद्धिका आधारहरूको विश्लेषण सङ्घी, प्रदेश तथा स्थानीय सरकारबाट गरी सो अनुसार विकास नीति लिनैपर्छ। आम जनताले पनि तिनै तहको सरकारलाई पर्याप्त जनदबाब र उत्प्रेरणा दिन पछि पर्नुहुँदैन।

समृद्ध हुनको लागि चाहिने आवश्यक तत्त्वमा प्रायः सबै तत्त्वको विद्यमानता छ। केवल त्यसको सञ्चालन र व्यवस्थापनको अभाव मात्र हो। बुँदागतरूपमा नै आधारहरूको चर्चा गर्ने हो भने पहिलो बुँदामा कृषि पर्छ। कृषि भनेको हरेक देशको लागि नभई नहुने कुरा हो। तेल जस्ता पदार्थ मोटरमा मात्र प्रयोग हुन्छ, तर तेल उत्पादन गर्ने मुलुक समृद्ध छन् भने खाद्यान्न हरेक मानिस र प्राणीलाई चाहिन्छ। खाद्यान्न उत्पादनका लागि उब्जाउ जमीन, सिंचाइ, बजार तथा जनशक्तिलगायत प्रदेशमा प्रशस्त व्यवस्था छ।

चना, बासमती चालम, हरियो तरकारीजस्ता कृषि उपजहरू यस क्षेत्रको धरोहर हो। पहिले प्रशस्त मात्रामा हाम्रा पूर्वजले उत्पादन मात्र गरेका थिएनन्, निर्यात पनि हुनथ्यो। अहिले यहीं अभाव छ। यहाँ अभाव हुनुको एक मात्र कारण हो वैज्ञानिक खेती गर्न नसक्नु। चक्लावन्दी खेती गर्न नसक्नु, मौसमी बाली लगाउन नसक्नु हो। एक हजार लगानीमा पालेको खसी छ महीनामा झन्डै दश हजारभन्दा घटीमा जाँदैन। माछाको बजार पनि उत्तिकै छ। तर यस्तो हुन नसक्नुमा कृषि बजारको व्यवस्थापन गरी कृषकलाई उत्साही बनाउन नसक्नु नै हो। कृषि प्रधान मुलुकमा रासायनिक मलदेखि सिंचाइसम्मको अभाव रहँदै आएको छ। भारतले उत्पादन गर्ने बासमती चामलको पेटेन्ट अमेरिकाले लिएको छ।

यस क्षेत्रले कृषिलाई नै बढी महत्त्व दियो भने कृषिले खाद्यान्न, अर्थोपार्जन तथा रोजगार दिने सम्भावना छ। अन्य प्रदेशले पनि खाद्यान्न लिने र अन्य कुरामा सहकार्य गर्न बाध्य हुने अवस्था छ। यसर्थ कृषिलाई वैज्ञानिक एवं रोजगारमूलक बनाउनु आवश्यक छ। दोस्रो हो जनसङ्ख्या। दुनियाँको कुनै पनि मुलुकमा विज्ञानले जति प्रगति गरे पनि श्रम–सीप प्रयोग गर्न म्यानपावर चाहिन्छ नै। यहाँको बाक्लो जनसङ्ख्यालाई सीपमुलक दक्ष जनशक्ति बनाउन सकियो भन यहाँको उन्नति त हुन्छ नै, अन्य प्रदेश तथा विदेशबाट पनि आय आर्जन गर्न सकिन्छ।

परम्परागत शिक्षा प्रणाली समाप्त गरी आधुनिक, वैज्ञानिक एवं सीपमूलक शिक्षा तथा तालीमको व्यवस्था गरियो भने यहाँको जनघनत्व पनि समृद्धिको प्रमुख आधार बन्न सक्छ। मधेस प्रदेशले मधेस विश्वविद्यालय, जनक महर्षि विश्व विद्यालयलगायत प्रदेशस्तरीय विश्व विद्यालय स्थापना गरेको छ। जुन सकारात्मक मात्र होइन, यहाँको जनशक्तिलाई शिक्षित एवम सीपमूलक बनाउने आधार पनि हो। जसमा राजनीति गर्नुहुँदैन। यस्ता शिक्षाको मन्दिरलाई कार्यकर्ता भर्ति केन्द्र बनाउनु हुँदैन। दुनियाँको जुन पनि मुलुकले विकास गरेको छ, त्यसमा उद्योगको ठूलो हात छ। उद्योगीकरणले निकै टेवा पुर्‍याएको छ। यो क्षेत्र भनेको औद्योगिक करिडर हो। यहाँका उद्योगहरूलाई व्यवस्थित गरी गुणस्तरीय सामान उत्पादन गरी अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउने सहज उपाय निकालियो भने उद्योगले अर्थदेखि रोजगारसम्म दिने अवस्था छ। प्रदेश सरकारलाई कर पनि प्राप्त हुन्छ। यहाँको बाटो हुलाकी राजमार्ग, सहायक राजमार्गहरू तथा भारतको सीमावर्ती बजार, खुला सिमानालगायतले यहाँको समृद्धिमा ठूलो योगदान दिन सक्ने अवस्था छ।

यहाँको वनजङ्गल, पनि उत्तिकै महत्त्वपूर्ण छ। यसले कार्बन बैंकिङ गर्दा सरकार र जनता दुवैलाई लाभ दिन सक्ने स्थिति छ। एउटा सखुवाको बोटलाई संरक्षण गरी कार्बन बैंकिङ गरियो भने विश्व समुदायले आर्थिक सहयोग गर्ने अवस्था छ। यो प्रदेश चुरे पहाड, धार्मिक स्थल, ऐतिहासिक स्थल लगायतबाट भरिपूर्ण छ। जसलाई पर्यटकीय क्षेत्र बनाउन सकिन्छ। छिमेकी भारतसँग बढ्दो व्यापार–व्यवसाय एवं मैत्रीपूर्ण सम्बन्धले पनि समृद्धिमा केही हदसम्म टेवा पुर्‍याउने अवस्था छ भने वैदेशिक लगानीको लागि फराकिलो नीतिले पनि समृद्धिमा छेकबार नबन्ने भन्न सकिन्छ। यस प्रदेशमा देखिएका स्रोत साधनको सदुपयोग गर्ने हो भने मधेस प्रदेशको समृद्धि स्वतःस्फूर्तरूपमा हुन सक्छ। आशा गरौ सरोकारवालाको ध्यानाकर्षण होला।



**नाङ्लोको व्यापारः** पृथ्वी राजमार्ग अन्तर्गत तनहुँको आबुखैरेनी गाउँपालिका–२ घुम्ती सडक किनारामा बेच्न राखिएको नाङ्लो (सुपो) । यहाँका अधिकांश भुजेल समुदायले नाङ्लो, डालो बुन्ने गर्दछन्। तस्बिर : मिला दरै/रासस

## कर्मचारीको समस्या समाधान गर्न प्रदेश सरकार प्रतिबद्ध

महेन्द्रनगर (धनुषा), १८ पुस/रासस

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ कार्यान्वयनको चरणमा रहेकोले स्थानीय तहका कर्मचारीको समस्या समाधान गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन्।



मुख्यमन्त्री सतीशकुमार सिंह

मुख्यमन्त्री सिंहद्वारा आज जारी विज्ञप्तिमा स्थानीय तहमा कार्यरत कर्मचारीका समस्याबारे आफू अवगत रहेको बताउँदै कर्मचारीका समस्या समाधानका लागि आवश्यक प्रयास भइरहेकोले कुनै किसिमको प्रदर्शन वा कार्यक्रम नगर्न आग्रह गरिएको छ।

प्रदेश मन्त्रिपरिषद्ले यही पुस १६ गते स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ का प्रावधान एवं सोको कार्यान्वयन्यनका क्रममा देखा परेका स्थानीय तहमा कार्यरत कर्मचारीको समस्या समाधानका उपायको अध्ययन एवं विश्लेषण गरी सुधार गर्नुपर्ने विषयमा सुझाव दिन गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखीको संयोजकत्वमा समिति समेत गठन गरेको छ।

ऐनमा केही प्रावधान छुटेका, केहीमा स्पष्टता नभएको र केही संशोधन हुनुपर्ने स्थानीय तहका कर्मचारीले ध्यानाकर्षण गराएपछि माग सम्बोधन गर्न गृहकार्य भइरहेको मुख्यमन्त्री सिंहले उल्लेख गरे।

शिक्षा तथा संस्कृतिमन्त्री रानीकुमारी तिवारी, ऊर्जा, सिंचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादव र वन तथा वातावरणमन्त्री त्रिभुवन साह सम्मिलित समितिले गम्भीरताका साथ काम अघि बढाएकोले सोसम्बन्धी गृहकार्य पूरा नहुँदासम्म प्रदर्शन वा विरोधका कार्य नगर्न कर्मचारीलाई प्रदेश सरकारले आग्रह गरेको हो।

कर्मचारीले मुख्यमन्त्री सिंहलाई ऐनमा प्रावधान नहुँदा केही कर्मचारीको पदस्थापना तथा स्तरवृद्धिमा बाधा पुगेको गुनासो आएकोले सोप्रति प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

कानूनमन्त्री लेखी नेतृत्वको समितिले पर्याप्त अध्ययन अनुसन्धान गरी तयार पारेको सुझावका आधारमा गरिनुपर्ने आवश्यक कार्य अघि बढाउने प्रतिबद्धता मुख्यमन्त्री सिंहद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।



श्रीखण्डका रूखः दाङको घोराही उपमहानगरपालिका–१५ स्थित डिभिजन वन कार्यालय परिसरमा हुर्किएका श्रीखण्डका रूखहरू। यहाँ श्रीखण्डका करीब एक सय रूख छन्। तस्बिर : कुलदीप न्यौपाने/रासस

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरज कुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्त कुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. स्वेता गुप्ता, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

## अन्तर्राष्ट्रिय समाचार

# लाहोर विश्वकै सबैभन्दा प्रदूषित शहर

लाहोर (पाकिस्तान), १८ पुस/एएनआई

आइक्युएयरको पछिल्लो वायु गुणस्तर सूचकाङ्क (एक्युआई) को वर्गीकरण अनुसार प्रमुख विश्वव्यापी वायु गुणस्तर अनुगमन सेवाको तथ्याङ्कका आधारमा कराँची र लाहोर विश्वका सबैभन्दा प्रदूषित शहरको सूचीमा परेका छन् ।



बाक्लो धूलो–धूवाँले भरिएको लाहोरका सडकमा हिंड्दै गरेका पैदलयात्रुहरू । फोटो : एएफपी

लाहोर र कराँची दुवै गम्भीर वायु प्रदूषणसँग जुझिरहेका छन् । यसले जनस्वास्थ्यका लागि ठूलो खतरा खडा गरेको छ । विशेषगरी लाहोरलाई विश्वको सबैभन्दा प्रदूषित शहरको रूपमा स्थान दिइएको छ। लाहोरको एक्युआई ३५४ छ । यसलाई मानिसका लागि खतरनाक मानिन्छ।

एक्सप्रेस ट्रिब्युनका अनुसार एक करोड १० लाखभन्दा बढी जनसङ्ख्या भएको यो शहर सवारी साधनको धूवाँ उत्सर्जन, औद्योगिक गतिविधिहरू र बाली जलाउने कार्यका कारण लामो समयदेखि खराब वायु गुणस्तरसँग जुधिरहेको छ । नतीजाको रूपमा विशेषगरी जाडो महीनामा जब धूवाँ सबैभन्दा तीव्र हुँदा धेरैले दम र अन्य फोक्सोका रोगसहित बढ्दो श्वासप्रश्वास समस्याहरूको सामना गर्नुपरेको छ।

गत महीना धूवाँका कारण १८ लाख ८६ हजार ५८६ जना बिरामी परेका छन्। तीमध्ये एक लाख २९ हजार २२९ ले श्वासप्रश्वासको समस्याका लागि अस्पताल उपचार खोजिरहेका छन्।

यसैबीच ६१ लाख १५३ व्यक्तिमा कार्डियोथोरेसिक अवस्था निदान गरिएको छ। त्यसैगरी दैनिक ६९ हजार ३९९ भन्दा बढी बिरामी श्वासप्रश्वासको समस्या, छाती दुख्ने वा धूवाँको कारणले स्ट्रोक भएको रिपोर्ट गरिएको छ।

रिपोर्ट अनुसार पाकिस्तानको सबैभन्दा ठूलो शहर कराँची १६४ को एक्युआईसहित सूचीमा १३औं स्थानमा छ। यसले यो शहरलाई अस्वस्थ श्रेणीमा राखेको छ।

शहरको व्यस्त बन्दरगाह, भारी ट्राफिक र औद्योगिक क्षेत्रहरूले उच्च प्रदूषणको स्तरमा योगदान पुऱ्याउँछ । यसले वातावरण र जनस्वास्थ्य दुवैलाई खतरामा पारेको छ।

वायु प्रदूषणको सामना गर्न निरन्तर प्रयासहरू भए पनि कराँचीको हावाको गुणस्तर बिग्रँदै जाँदा, पहिले नै स्वास्थ्य अवस्था समस्यामा रहेका मानिसमा गम्भीर खतरा उत्पन्न गरेको छ।

गैरसरकारी वातावरणीय सङ्गठन क्लाइमेट एक्सन सेन्टर (सिएसी) ले यस अघि लाहोर र पञ्जाबका अन्य शहरमा धूवाँका साथै कराँचीमा हालैको धूवाँलाई सवारीको प्रदूषण उत्सर्जनसँग जोडेको छ । मङ्गलवार कराँची प्रेस क्लबमा आयोजित पत्रकार सम्मेलनमा सिएसी निर्देशक यासिर हुसेनले पेट्रोल र डिजेल सवारी साधनहरूबाट उत्सर्जित प्रदूषण यी शहरहरूमा प्रमुख योगदानकर्ता भएका बताए । कराँचीमा ६० प्रतिशत र लाहोरमा ८० प्रतिशत प्रदूषणका लागि सवारी साधन जिम्मेवार छ।

यसैबीच जाडो याममा दादुराको प्रकोपले स्वास्थ्य विशेषज्ञहरूबीच चिन्ता बढाएको छ।

विशेषगरी कुपोषित, प्रतिरक्षाविहीन वा खोप नलगाएकाहरूका लागि नाक बग्ने, ज्वरो, खोकी, रातो आँखा र छालामा फोकाजस्ता लक्षणहरूद्वारा चिह्नित दादुरा कमजोर बच्चाहरूका लागि घातक हुन सक्छ।

चिकित्सकहरूले यो अत्यधिक सरुवा रोग एक बच्चाबाट अर्को बच्चामा छिटो फैलने चेतावनी दिएका छन्। उनीहरूले आमाबाबुले आफ्ना बच्चाहरूलाई यस सङ्क्रामक रोगबाट जोगाउन नौ महीनादेखि डेढ वर्ष उमेरबीच दादुरा विरुद्ध खोप लगाउन सुनिश्चित गर्नुपर्ने कुरामा जोड दिएका छन्। रासस

# सन् २०२४ चीनको सबैभन्दा गर्मी वर्ष : मौसम एजेन्सी

बेइजिङ, १८ पुस/एएफपी

जलवायु परिवर्तनले चरम मौसमको वृद्धि भइरहेको विश्वमा गत वर्ष चीनको सबैभन्दा न्यानो वर्ष रहेको मौसम एजेन्सीले जनाएको छ।

चीन हरित गृह ग्याँसहरूको प्रमुख उत्सर्जक हो। वैज्ञानिकहरूका अनुसार हरित गृह ग्याँसले विश्वव्यापी तापक्रम बढाइरहेको छ। तर बेइजिङले कार्बन डाइअक्साइड उत्सर्जन सन् २०३० सम्म चरममा पुग्ने र २०६० सम्म शुद्ध शून्यमा ल्याइने प्रतिबद्धता जनाएको छ।

सन् २०२४ का लागि औसत राष्ट्रिय तापक्रम १०.९२ डिग्री सेल्सियस (५१.६६ फरेनहाइट) औसतभन्दा १.०३ डिग्री बढी थियो। यो सन् १९६१ मा पूर्ण रेकर्ड शुरू भएपछिको सबैभन्दा तातो वर्ष भएको चीन मौसम विज्ञान प्रशासनले बुधवार राति आफ्नो समाचार साइटमा बताएको छ।

"सबैभन्दा न्यानो चार वर्षहरू विगत चार वर्ष नै थिए र सन् १९६१ देखिका सबैभन्दा न्यानो शीर्ष दश वर्षहरू २१ औं शताब्दीमा परेका छन्"– प्रशासनले भनेको छ।

चीनले यस वर्ष नै जुलाईमा अवलोकनको इतिहासमैं सबैभन्दा तातो महीनाका साथै अगस्त र शरद ऋतु पनि रेकर्ड तातो भएको दर्ता गरेको छ।

संयुक्त राष्ट्रसङ्घले सोमवार वर्षको अन्त्यमा दिएको सन्देशमा सन् २०२४ लाई विश्वव्यापीरूपमा रेकर्ड गरिएको सबैभन्दा तातो वर्ष हुने बताएको छ।

विश्वव्यापी तापक्रम मुख्यतया जीवाश्म इन्धनको जलनले हुन्छ र यो केवल तापमान वृद्धिको कुरा मात्र नभई वायुमण्डल र समुद्रहरूमा थप तापको प्रभाव पनि हो।

तातो हावाले बढी जल वाष्प समात्न सक्छ र तातो महासागरहरूको अर्थ बढी वाष्पीकरण हो। यसका कारण अधिक तीव्र वर्षा र आँधीबेहरी हुन्छ। प्रभावहरू व्यापक, घातक र बढ्दो महँगो, सम्पत्तिमा क्षति पुऱ्याउने र बालीहरू नष्ट गर्छ।

**दर्जनौंको मृत्यु**

चीनमा गत वर्ष बाढीका कारण दर्जनौंको मृत्यु भएको थियो भने हजारौंलाई सुरक्षित स्थानमा सारिएको थियो । मे महीनामा दक्षिणी चीनमा केही दिनको वर्षापछि राजमार्ग भत्किंदा ४८ जनाको मृत्यु भएको थियो।

दक्षिणी शहर गुआङ्झाउका बासिन्दाले रेकर्ड तोड्ने लामो गर्मी अनुभव गरे। राज्य मिडियाका अनुसार त्यहाँ २४० दिनसम्म औसत तापक्रम २२ डिग्री सेल्सियस (७१.६ डिग्री फारेनहाइट) भन्दा माथि थियो। यसले सन् १९९४ मा २३४ दिनको रेकर्ड तोड्यो।

सिचुआन, चोङकिङ र याङ्जी नदीका मध्य भाग प्रारम्भिक शरद ऋतुमा गर्मी र खडेरीबाट ग्रस्त थियो।

विश्वव्यापीरूपमा सन् २०२४ मा स्पेन र केन्यामा घातक बाढी, संयुक्त राज्य अमेरिका र फिलिपिन्समा धेरै हिंसात्मक आँधीबेहरी र दक्षिण अमेरिकाभरि गम्भीर खडेरी र डढेलोहरू देखिए।

प्राकृतिक प्रकोपका कारण सन् २०२४ मा तीन खर्ब १० अर्ब डलरको आर्थिक क्षति भएको जुरिचस्थित इन्स्युरेन्स जायन्ट स्विस रीले जनाएको छ।

सन् २०१५ को पेरिस जलवायु सम्झौताले विश्वव्यापी तापक्रमलाई पूर्व–औद्योगिक स्तरभन्दा दुई डिग्री सेल्सियसभन्दा कम र सम्भव भएमा १.५ डिग्री सेल्सियसभन्दा कममा सीमित गर्ने लक्ष्य राखेको थियो।

नोभेम्बरमा विश्व मौसम सङ्गठनले जनवरी–सेप्टेम्बरको औसत सतह हावाको तापमान सन् १८५० र सन् १९०० बीच मापन गरिएको औद्योगिक पूर्व औसतभन्दा १.५४ डिग्री सेल्सियस माथि रहेको जनायो। रासस

# गाजामा इजरायली हमलामा पूर्वप्रहरी प्रमुखसहित ११ जनाको मृत्यु

गाजापट्टी, १८ पुस/एएफपी

गाजाको नागरिक सुरक्षा एजेन्सीले बिहीवार इजरायली हवाई आक्रमणमा कम्तीमा ११ जनाको मृत्यु भएको बताएको छ। मृत्यु हुनेमा यस क्षेत्रको अहिले ध्वस्त हमास प्रहरी बलका प्रमुख पनि रहेका छन्।

"दक्षिणी गाजापट्टीको खान युनुस शहरको पश्चिममा रहेको अल–मवासी क्षेत्रमा विस्थापित मानिसहरूको निवासमा कब्जाकारी विमानले बम प्रहार गर्दा तीन बालबालिका र दुई महिलासहित ११ जनाको मृत्यु भएको छ र १५ जना घाइते भएका छन्"–गाजाको नागरिक सुरक्षा एजेन्सीले विज्ञप्तिमा भन्यो।

मारिनेहरूमा प्रहरी प्रमुख महमुद सलाह र उनका सहायक हुसाम शाहवान रहेको एजेन्सीका प्रवक्ता महमुद बासलले जानकारी दिए।

इजरायली सेनाले घटनाबारे अनुसन्धान गरिरहेको बताएको छ।

इजरायली रक्षामन्त्री इजरायल काट्जले बुधवार हमासले इजरायलमा रकेट आक्रमण जारी राखेमा गाजामा आक्रमण तीव्र पार्ने धम्की दिएका थिए।

हालैका दिनहरूमा गाजाबाट नवीकृत रकेट आक्रमणले इजरायलमा थोरै क्षति पुऱ्याएको छ र युद्धको शुरूआती चरणको तुलनामा धेरै कम सङ्ख्यामा रकेट प्रहार गरिएको छ तर यो करीब १५ महिनाको लडाइँपछि इजरायली सरकारका लागि राजनीतिक झटका हो।

काट्जले गाजामा अझसम्म बन्धक बनाइएका विभिन्न मुलुकका नागरिकको हरूको रिहाइका लागि पनि माग गरेका छन्। रासस

**सन् २०२४ .........**

हवाई यात्रुको सङ्ख्या सकारात्मक बढोत्तरी भइरहेको छ। निरन्तर बढेको हवाई यात्रु चापले यस क्षेत्रको आकर्षणसँगै सेफ्टी र सेक्युरिटी बलियो बनाउनुपर्ने दबाब बढेको छ। हवाई क्षेत्रका जानकार अच्युत पहाडी पनि समग्रमा सन् २०२४ एभिएशनका हिसाबले दुःखद वर्ष साबित भएको बताउँछन्।

"विश्वव्यापीरूपमा ठूला–ठूला हवाई दुर्घटना भए । नेपालमा पनि सौर्य एयरलाइन्स र एयर डाइनेस्टी हेलिकप्टर दुर्घटना भए। यसरी हेर्दा एभिएशनलाई सन् २०२४ फापेन । दुर्घटना मात्रै हैन, मानवीय क्षति पनि धेरै भयो । यसले हवाई सुरक्षामाथि प्रश्न खडा गरेको छ"– उनले भने।

सन् २०२४ को अन्तिम महीनाका केही हवाई दुर्घटनाले हवाई क्षेत्रमा संशय पैदा गरेको नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक सञ्जीव गौतमले बताए । समग्रमा सन् २०२४ लाई बिदा गर्दैगर्दा एभिएशनले नराम्रो क्षति बेहोरेको उनले उल्लेख गरे।

"नेपालको सन्दर्भमा एभिएशन राम्रो रहेपनि विश्वव्यापीरूपमा हेर्दा दुःखद वर्ष रह्यो"–पूर्वमहानिर्देशक गौतमले भने– "दुर्घटनाबाट पाठ सिकेर हवाई सुरक्षालाई कसरी बलियो बनाउने भन्नेतर्फ राज्य र सरोकारवाला निकायले ध्यान दिनुपर्छ।"

अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ)ले सन् २०३० सम्म मानवजन्य मृत्यु हुने दुर्घटना शून्यमा झार्ने लक्ष्य लिएको छ। अहिले वार्षिक १० प्रतिशत हवाई यात्रु वृद्धि भइरहेको छ। अन्तर्राष्ट्रिय हवाई यातायात सङ्घको तथ्याङ्कलाई उधृत गर्दै पूर्वमहानिर्देशक गौतमले विश्वव्यापीरूपमा हवाई यात्रुको सङ्ख्या झन्डै पाँच अर्ब पुगेको बताए। सन् २०१९ मा चार अर्ब ५० करोड हवाई यात्रु पुगेका थिए।

प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भूलले हवाई यात्रु बढेका हिसाबले सकारात्मक लिन सकिए पनि सन् २०२४ मा भएका केही हवाई दुर्घटनाले एभिएशन क्षेत्रलाई खिन्न बनाएको बताए । "नेपालको सन्दर्भमा सन् २०२३ को तुलनामा सन् २०२४ दुर्घटनाको सङ्ख्याको हिसाबले सुधारात्मक रहे पनि विश्वव्यापी रूपमा हेर्दा वर्षको अन्तिम महीनामा धेरै सङ्ख्यामा भएका विमान दुर्घटनाले एभिएशन क्षेत्रलाई झस्काएको छ"–उनले भने।

उडान सुरक्षा र यात्रु बढोत्तरीका हिसाबले सुधार हुँदै गएको सूचना अधिकारी भूलको भनाइ छ। नेपालमा पनि हवाई यात्रुको सङ्ख्या निरन्तर बढिरहेको छ । प्राधिकरणको तथ्याङ्क अनुसार सन् २०२४ मा अघिल्लो वर्षको तुलनामा आन्तरिकतर्फ १३ प्रतिशत र अन्तराष्ट्रिय हवाई यात्रुको सङ्ख्या ७.९ प्रतिशतले वृद्धि भएको छ। आन्तरिक उडानतर्फ सन् २०२४ को नोभेम्बरसम्म कुल ८७ लाख ६० हजार ३०२ हवाई यात्रुले यात्रा गरेका छन्। सन् २०२३ को नोभेम्बरसम्म कुल ७७ लाख हवाई यात्रुले यात्रा गरेका थिए। त्यसैगरी सन् २०२४ को नोभेम्बरसम्म अन्तर्राष्ट्रिय हवाई यात्रुको सङ्ख्या ४४ लाख ४९ हजार १३३ पुगेको थियो।

प्राधिकरणका अनुसार नेपालमा हालसम्म १०८ हवाई दुर्घटनामा ९५९ जनाको मृत्यु भएको छ। विसं २०१२ वैशाखमा पहिलोपटक सिमरामा भारतको कलिङ्गा एयर दुर्घटना भएको थियो। वर्षको अन्त्यतिर दक्षिण कोरिया र कजाकिस्तानमा भएका दुई ठूला विमान दुर्घटनाले समग्रमा हवाई उड्डयनको क्षेत्रलाई निराश बनाएको छ। यो घटनाले विश्वव्यापीरूपमैं हवाई उडान कति सुरक्षित छ भन्ने प्रश्न तेर्सिएको छ। यसरी सन् २०२४ मा ठूला विमान दुर्घटनामा ४०० भन्दा बढीको मृत्यु भएको बताइएको छ। अधिकांश दुर्घटना खराब मौसम र मानवीय कमजोरीले हुने गरेको विज्ञहरू बताउँछन्।

**मध्यमर्स्याङदी.......**

बताए । गत वर्ष पनि विद्युत् उत्पादन घटेर २५ मेगावाटमा झरेको थियो। सो आयोजना सन् २००८ मा रु २७ अर्ब २० करोडमा निर्माण सम्पन्न भएको थियो। जिल्लामा निर्माण सम्पन्न भएका अन्य विद्युत् आयोजनाको पनि उत्पादन घट्न थालेको छ।

दोर्दी गाउँपालिका–६ ढोडेनीस्थित ५४ मेगावाट क्षमताको सुपरदोर्दी 'ख' आयोजनाबाट पनि विद्युत् उत्पादन घट्न थालेको जनाइएको छ । भुलभुलेस्थित ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत्, ३० मेगावाटको ङादी जलविद्युत् आयोजना, २७ मेगावाट क्षमताको दोर्दीखोला जलविद्युत् आयोजना, दोर्दी गाउँपालिका–६ स्थित २५ मेगावाट क्षमताको माथिल्लो दोर्दी 'ए' आयोजना, ४.४ मेगावाटको राँधी, तीन मेगावाटको मिदिम करापु तथा दुई मेगावाटको छ्याङ्दी आयोजनाको पनि विद्युत् उत्पादन घट्न थालेको जानकारी प्राप्त भएको छ।


## पर्सागढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
हरपुर पर्सा
मधेश प्रदेश, नेपाल

### करजनिया खोलाको स्वीकृत घाटबाट निर्धारित मापदण्डबमोजिम नदीजन्य पदार्थ उत्खनन गर्ने कार्यको ठेक्का बन्दोबस्तीसम्बन्धी बोलपत्र आह्वानको सूचना

दोस्रोपटक प्रकाशित मिति: २०८१/०९/१९ गते

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क र यस पर्सागढी नगरपालिकाको आर्थिक ऐन २०८१ को दफा १८ (१) र (२) बमोजिम करजनिया खोलाको स्वीकृत घाटबाट निर्धारित मापदण्डबमोजिम नदीजन्य पदार्थ उत्खनन गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आव २०८०/८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणको प्रमाणित प्रतिलिपीहरू संलग्न गरी तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। ***तपसिल***

| सि.नं. | आय ठेक्का नं. | बोलपत्रको नाम | परिमाण | न्यूनतम बोलपत्र रकम मूअकरबाहेक | धरौटी रकम | बोलपत्र दस्तुर (रु) | ठेक्का अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/खोला/ ०८१–०८२ | करजनिया खोलाबाट नदीजन्य पदार्थ उत्खनन् कार्य | ५,४६,२८८ घनफिट | २७,३१,४४०/– | २,३६,,५७२/– | ३०००/– | २०८१ माघ १ गतेदेखि २०८२ जेठ मसान्तसम्म |

**शर्तहरू**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आव २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुरबापत यस कार्यालयमा नगदै तिरेको वा सानिमा बैंक पर्सागढी शाखामा रहेको खाता नं. ०६३०१००४००००००५ मा नगदै जम्मा गरेको भौचर तथा निवेदन पेश गरी यो सूचना दोस्रोपटक प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरीद गर्न सकिनेछ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजस्व शाखा वा कार्यालयको सानिमा बैंक पर्सागढी शाखाको खातामा माथि उल्लिखित खाता नम्बरमा जम्मा गरेको भौचरलाई बोलपत्रसम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ।

२. बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

३. बोलपत्रसम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। आफूले कबोल गरेको अङ्कको ५% दरले हुन आउने धरौटी रकम यस कार्यालयको सानिमा बैंक पर्सागढी शाखाको धरौटी खाता नं.०६३०१००२००००००३ मा जम्मा गरी सोको सक्कल भौचर वा ने.रा. बैंकबाट मान्यताप्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको १२० दिन म्यादसहित जारी गरिएको बिडबण्ड शिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ।

४. खरीद गरेको बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरणहरू भरी बोलपत्रदाताले प्रत्येक पानामा सही–छाप गरी शिलबन्दी गरी खामबाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोप्राइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं, समेत स्पष्ट खुलाई फर्मको छाप लगाई दोस्रोपटक सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ।

५. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्रसम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको १:०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

६. प्रि–बिड बैंक यो सूचना प्रकाशित मितिले १०औं दिन दिनको १:०० बजे पर्सागढी नगरपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरूले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।

७. बोलपत्रसम्बन्धी विस्तृत जानकारी बोलपत्रसम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. ठेक्का कबोल रकम बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैंलोमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मूअकर दर्ता प्रमाणपत्र समेत लिई कबोल अङ्कको प्रथम किस्ताबापत ४०% ले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो र तेस्रो किस्ताबापतको ६०% ले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८२ असार मसान्तसम्म म्यादसहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरि पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अङ्क सेवा शुल्कबापत हुन आउने जम्मा रकमको नियमानुसार १३% मूअकरसमेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ।

९. तोकिएको समयभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस नगरपालिकाको नदी तथा नदीहरूको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्बन्धी स्थानीय तहबाट जारी भएका कानून प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ।

१०. नदीजन्य पदार्थ उत्खनन कार्यमा हेभी उपकरणहरू (एक्साभेटर, लोडर, टिपर) प्रयोग गर्न पाइने छैन।

११. नदीजन्य पदार्थ उत्खनन कार्य परिमाणमा आधारित रहेको हुँदा तोकिएको समयसीमा वा तोकिएको परिमाणमध्ये जुन पहिले आउन जान्छ सोलाई गणना गरी उत्खनन कार्य बन्द गर्नुपर्नेछ।

१२. ठेक्का रकममा कुनै किसिमको परिस्थिति देखाई मिनहा वा क्षतिपूर्तिसम्बन्धी कुनै शर्त स्वीकार्य हुने छैन।

१३. स्वीकृत कार्यविधि र IEE प्रतिवेदनमा उल्लेख भएका शर्तहरूको पालना ठेकेदारले गर्नुपर्नेछ।

१४. सडक मार्गको हकमा ठेकेदारले पर्सागढी नगरपालिका वडा नं.१ मनवा, पशुपतिनगर, जनता सडकमार्ग प्रयोग गर्नुपर्नेछ।

१५. यस कार्यालयको वा सार्वजनिक खरीद अनुगमन कार्यालयको निर्णयबाट कालोसूचीमा परेका व्यक्ति, फर्म वा कम्पनी यो ठेक्का प्रक्रियामा सहभागी हुन पाउने छैन।

१६. विस्तृत जानकारीको लागि यस कार्यालयको website: parsagadhimun.gov.np मा हेर्न सकिनेछ।



केही दिनदेखि तराई मधेसका जिल्लामा शीतलहर बढेको छ। जसका कारण अत्यधिक चीसोले जनजीवन प्रभावित भएको छ। राजमार्ग, चोक, चौतारा, यात्रु प्रतीक्षालयलगायत सार्वजनिक स्थानमा सर्वसाधारणको लागि आगो ताप्ने व्यवस्थापन मिलाउन दाउरा खसाल्दै निजगढ नगरपालिकाका कर्मचारीहरू। तस्वीरः जीतलाल श्रेष्ठ/प्रतीक

# सखुवापरसौनीमा दलित दबाब समूह गठन

प्रस, वीरगंज, १८ पुस/



तस्वीरः सौजन्य

सखुवापरसौनी गाउँपालिकामा दलित अगुवाहरूको भेला सम्पन्न भएको छ। भेलाले दलित अगुवा हरिलाल रामको अध्यक्षतामा दलित दबाब समूह गठन गरेको छ।

दलित समुदायको सामाजिक न्याय, स्वतन्त्रता, रूपान्तरण, शिक्षा, राजनीतिमा पहुँच र राजनीतिक नेतृत्वबारे भेलामा छलफल गरिएको थियो। सखुवापरसौनी गापामा दलित समुदाय सबै क्षेत्रबाट वञ्चित रहेकोले अधिकारको लागि सङ्घर्ष गर्न दबाब समूह गठन गरिएको बताइएको छ। दलित समुदायबाट २०८४ मा हुने निर्वाचनमा वडाध्यक्षमा दलित समुदायका उम्मेदवार बनाउने, उनीहरूको आत्मबल बढाउने, सबै वडामा पहुँच अभिवृद्धि गर्ने र आजैको दिनदेखि दलितहरूबीच एकता अभियान सञ्चालन गर्ने विषयमा पनि छलफल भएको थियो।

सखुवापरसौनीमा २०७४ को चुनावमा दलित समुदायको सहभागिता नभएको, केही वडामा अध्यक्षको लागि उम्मेदवारी दिंदा चुनावी परिणाम न्यून भएको, यसैगरी २०७९ को निर्वाचनमा पनि सोही परिणाम भोग्नुपरेकोले आगामी चुनावमा पनि पुरानै अवस्थाको पुनरावृत्ति नहोस् भनेर दलित अगुवाहरूको भेलाले जातीय एकता बनाउने विषयमा छलफल भएर समिति गठन भएको पिस फर दलित्स फाउन्डेशन नेपालका अध्यक्ष मनोज रामले बताए। भेलाको सहजीकरण रामले नै गरेका थिए।


## सार्वजनिक सेवा लिंदा ध्यान दिऔं

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रको प्रयोग गरौं,
- आधिकारिक सेवाप्रदायकबाट सेवा लिऔं,
- सेवा प्राप्त गर्दा आफैंले लिऔं, बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाइनबाटै सेवा लिने र दिने गरौं,
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिहरूलाई प्राथमिकता दिऔं,
- सेवाप्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा गुनासो गरौं,
- अनियमितता र भ्रष्टाचारविरुद्ध उजूरी गरौं,
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## एलिट कप : सन्दीपको कप्तानीमा बागमतीको टोली घोषणा

काठमाडौं, १८ पुस/रासस

'जय ट्रफी मेन्स एलिट कप-२०८१' का लागि बागमती प्रदेशको टोली घोषणा भएको छ। बागमती प्रदेश क्रिकेट सङ्घले आज सन्दीप लामिछानेको कप्तानीमा १५ सदस्यीय अन्तिम टोली घोषणा गरेको हो। सन्दीपको कप्तानीमा रहेको टोलीमा सूर्य तामाङ, रिजन ढकाल, प्रतिश जिसी, उत्तम थापा मगर, आशुतोष घिरैया, रित गौतम रहेका छन्।

साथै इशान पाण्डे, विपिन आचार्य, शुभ कंसाकार, रोशन विक, सूर्यांशु कोइराला, नन्दन यादव, प्रतीक श्रेष्ठ र तिलकराज भण्डारी पनि टोलीमा समेटिएका छन्। नेपाल क्रिकेट सङ्घ (क्यान)को आयोजनामा जय ट्रफी मेन्स एलिट कप यही पुस २१ गतेदेखि माघ ३ गतेसम्म मधेस प्रदेशको जनकपुर र वीरगंजमा हुनेछ।

## सभापति कप राष्ट्रिय फूटबल प्रतियोगिता आगामी माघमा

पाटन (ललितपुर), १८ पुस/रासस

नेपाली काङ्ग्रेस, लोकतान्त्रिक खेलकूद सङ्घ महाधिवेशन निर्देशन समिति २०८१ को आयोजनामा सर्वाधिक राशिको सभापति कप राष्ट्रिय फूटबल प्रतियोगिता हुने भएको छ।

महाधिवेशन निर्देशक समितिले आज पार्टीको केन्द्रीय कार्यालय सानेपामा पत्रकार सम्मेलन गरी आगामी माघ १० देखि १७ गतेसम्म उक्त प्रतियोगिता हुने जानकारी गराएको हो।

प्रतियोगिताको प्रथम पुरस्कार नगद रु २६ लाख र दोस्रो पुरस्कार नगद १३ लाख रहेको महाधिवेशन निर्देशन समिति २०८१ का संयोजक मोहनबहादुर बस्नेतले जानकारी दिए।

दशरथ रङ्गशाला त्रिपुरेश्वरमा हुने प्रतियोगितामा राष्ट्रियस्तरका 'ए' डिभिजन क्लब र आमन्त्रित विदेशी दुई टोली सहभागी हुने जनाइएको छ। प्रतियोगितालाई अखिल नेपाल फूटबल सङ्घले प्राविधिक सहयोग उपलब्ध गराउने छ। संयोजक बस्नेतले राज्यले खेलाडीहरूको क्षमता अनुसार प्रतिभा प्रस्फुटन र उनीहरूको क्षमता अभिवृद्धिका लागि बजेट छुट्याउन नसकेकोले सरकारलाई दबाब दिन प्रतियोगिता आयोजना गरिएको बताए।

त्यसैगरी लोकतान्त्रिक खेलकूद सङ्घ महाधिवशन निर्देशन समितिको बैठकले नयाँ खेलकूद विकास ऐन २०७७ सहित नेपाल ओलम्पिक विवादबारे सम्बन्धित निकायको ध्यानाकर्षण गराउने निर्णय गरेको छ। मुलुकको हितमा योगदान दिएका ३६ जना स्वर्गीय नेता तथा शहीदहरूको सम्मानमा नेपाल लोकतान्त्रिक खेलकूद सङ्घले देशैभर खेलकूद सञ्चालन गर्ने जनाएको छ। प्रतियोगिताका लागि व्यावसायिक घरानाबाट प्राप्त हुने विज्ञापन, टिकट बिक्रीबाट प्राप्त हुने रकम र पार्टीका नेता तथा शुभेच्छुकबाट प्राप्त हुने रकम खर्च गरिने आयोजकले जानकारी दिएको छ। प्रतियोगितामा रु एक करोड ५० लाख खर्च हुने अनुमान गरिएको छ।

## राष्ट्रपति रनिङ शिल्ड : योङ हार्ट्स र इस्टपोल च्याम्पियन

काठमाडौं, १८ पुस/रासस

गोकर्णेश्वर नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकूद प्रतियोगिता अन्तर्गत कराँतेको उपाधि महिलातर्फ योङ हार्ट्स बोर्डिङ स्कूल गोकर्णेश्वर-८ र पुरुषतर्फ इस्टपोल मावि गोकर्णेश्वर-५ ले जितेका छन्।

महिलातर्फ योङ हार्ट्स तीन स्वर्ण र एक कांस्यसहित प्रथम भयो भने एक स्वर्ण र एक कांस्य पदकसहित सरस्वती मावि दोश्रो भयो। एक स्वर्ण र एक रजत जितेको बालसुधार मावि तेस्रो भयो। दोस्रो र तेस्रोको पदक बराबर हुँदा गोला प्रथाद्वारा छनोट गरिएको थियो। त्यसैगरी पुरुषतर्फ एक स्वर्ण, एक रजत र एक कांस्य पदकसहित इस्टपोल मावि प्रथम, एक स्वर्ण र एक कांस्य पदकसहित योङ हार्ट्स बोर्डिङ दोस्रो र एक स्वर्ण, एक कांस्यसहित मनकामना मावि तेस्रो भयो।

महिला र पुरुषतर्फ जम्मा ६-६ 'इभेन्ट'मा भएको प्रतिस्पर्धामा गोकर्णेश्वर नगरपालिका भित्रका २० वटा विद्यालयका ९५ जना विद्यार्थीको सहभागीता रहेको थियो।

विजयी खेलाडीलाई नगर खेलकूद विकास समितिका अध्यक्ष सञ्जय लामा, सितोरियो कराँते काठमाडौंका जिल्ला अध्यक्ष शिवराम रन्जितलगायतले मेडल तथा प्रमाणपत्र प्रदान गरे।

## बागमती प्रदेशस्तरीय तेक्वान्दो लिग शुक्रवारदेखि

काठमाडौं, १८ पुस/रासस

टोखा नगरपालिकाको आयोजनामा दोस्रो बागमती प्रदेशस्तरीय खुला तेक्वान्दो लिग शुक्रवारदेखि हुने भएको छ।

लिगमा पुरुष र महिलामा समान पाँच-पाँच गरी १० तौल समूहमा प्रतिस्पर्धा हुने टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले जानकारी दिए। पुरुषमा ४६-५०, ५०-५४, ५४-५८, ५८-६३ र ६३-६८ किलो तौल समूहमा खेल हुनेछ। त्यस्तै महिलामा ४०-४३, ४३-४६, ४६-४९, ४९-५३ र ५३-५७ किलोमा प्रतिस्पर्धा हुनेछ।

करीब तीन सय खेलाडीको सहभागी हुने एसकेबिसी तेक्वान्दो डोजाङका प्रमुख प्रशिक्षक रन्जित डगौंराले बताए। काठमाडौं जिल्ला समन्वय समिति र बागमती प्रदेश तेक्वान्दो सङ्घको प्राविधिक सहयोगमा आयोजना हुने प्रतियोगितामा शीर्ष तीन स्थान हासिल गर्ने खेलाडीलाई क्रमशः १०, सात र तीन अङ्क प्रदान गरिने छ।

# विद्यालयलाई १० सेट बेन्च-डेस्क सहयोग



तस्वीरः सौजन्य

प्रस, वीरगंज, १८ पुस/

उपकार सेवा नेपालले वीरगंज महानगरपालिका-३१ लक्ष्मीपुरस्थित नेपाल रेडक्रस आधारभूत विद्यालयलाई १० सेट बेन्च-डेस्क सहयोग गरेको छ।

शिवशक्ति घ्यू उद्योग प्रालिको सहयोगमा संस्थाकी अध्यक्ष विद्यादेवी सरावगीले अध्यक्ष एवं वडाध्यक्ष जीतेन्द्रप्रसाद यादवलाई बेन्च डेस्क हस्तान्तरण गरेकी थिइन्। वडाध्यक्ष यादवले सो अवसरमा बेन्च डेस्क सहयोग गरेबापत संस्थालाई धन्यवाद ज्ञापन गरेका थिए।

कार्यक्रममा पद्मादेवी सरावगी, सुमन बगेडिया, अङ्कुर शर्मा, शिवशक्ति घ्यू उद्योगका प्रालिका प्रशासकीय प्रमुख नवलकिशोर सिंह, सामाजिक अभियन्ता प्रकाश थारू, प्रअ लक्ष्मणप्रसाद साह, स्थानीय समाजसेवी बालेश्वर गौरोलगायतको सहभागिता थियो।

### कालिकामाईमा...

पठाउन सकिने मियाँले बताए। काउली र भन्टाको सिजनमा भन्टा मात्र कालिकामाईमा व्यावसायिकरूपमा खेती गरिन्छ। तरकारीको मूल्य खेतमा पाउन लागेपछि अन्य किसान पनि व्यावसायिक तरकारी खेतीतर्फ आकर्षित भएका उनले बताए।

# प्रेस चौतारीको महाधिवेशन फागुन २३-२५ गते



तस्वीरः सौजन्य

प्रस, वीरगंज, १८ पुस/

प्रेस चौतारी नेपालको १०औं राष्ट्रिय महाधिवेशन आगामी फागुन २३-२५ गतेसम्म कोशी प्रदेशको विराटनगरमा हुने भएको छ।

प्रेस चौतारी नेपालका महासचिव हीरामान लामाले बुधवार चौतारी नेपालको सचिवालय बैठकले उक्त निर्णय गरेको बताए।

श्रमजीवी पत्रकारहरूको साझा सङ्गठनको रूपमा रहेको प्रेस चौतारी नेपालको आगामी महाधिवेशनले पत्रकारको आन्दोलन अघि बढाउने, देशभर काम गर्ने पत्रकारहरूको आर्थिक र सामाजिक सुरक्षा एजेन्डा स्थापित गर्न तथा राष्ट्र, राष्ट्रियता र लोकतन्त्रलाई थप सुदृढ गराउन महत्त्वपूर्ण भूमिका निर्वाह हुने महासचिव लामाले बताए।

# छिपहरमाई गापामा पाँचौं दिन पनि धर्ना

प्रस, भिस्वा, १८ पुस/

छिपहरमाई गाउँपालिकाको कार्यालय अगाडि स्थानीय सङ्घर्ष समितिले पुस १४ गतेदेखि शुरू गरेको धर्ना आज पाँचौं दिन पनि जारी रह्यो।

स्थानीय सङ्घर्ष समितिले पुस ७ गते छिपहरमाई गापामा सात वर्ष अवधिमा भएका विकास निर्माणलगायत कार्यहरूको विवरण माग गरेको र सो विवरण उपलब्ध नगराएको विरोधमा दुई घण्टा धर्ना कार्यक्रम गर्दैआएका छन्।

बिहीवार पनि गापा अगाडि दिउँसो १२ बजेदेखि २ बजेसम्म धर्ना कार्यक्रम जारी रह्यो।

सङ्घर्ष समितिले माग गरेको विवरण उपलब्ध नहुन्जेल धर्ना जारी रहने जनाएको छ।